# प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम २०६९ को नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन

प्रवीण खड्का

त्रि. वि. दर्ता नं. : ६-१-७-६६९-२०००

दोस्रो वर्षको परीक्षा क्रमाङ्क : २१८००४४

शैक्षिक वर्ष : २०६६/६७

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत
जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभाग
स्नातकोत्तर तह (एम. एड.) द्वितीय
वर्षको नेपा. शि. ५९८
को प्रयोजनार्थ
प्रस्तुत

**शोधपत्र**

२०७१/ इ. २०१४

**जनता बहुमुखी क्याम्पस**

इटहरी, सुनसरी

# सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, जनता बहुमुखी क्याम्पस, नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर दोस्रो वर्षका छात्र प्रवीण खड्का नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत **प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम २०६९ को नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्र स्नातकोत्तर तहको उपाधिका निम्ति उपयुक्त देखिएकाले बाह्य मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०७१/ /

_______________

उपप्रा. मदनराज बराल

(शोध निर्देशक)

# कृतज्ञता ज्ञापन

**प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम २०६९ को नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त जनता बहुमुखी इटहरी सुनसरी, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनका लागि तयार पारिएको हो । सम्बन्धित तहका शिक्षक, पाठ्यक्रमविद् तथा सम्बन्धित अन्य पक्षलाई समेत एक सन्दर्भ सामग्री बन्दै सहयोग पुग्ने अपेक्षा गरेको छु ।

शोधकार्य आफैंमा झन्झटिलो र कठीन कार्य हो । नेपाली विषयमा स्नातकोत्तर गर्ने अग्रजहरूबाट यस विषयमा धेरै शोधकार्य भए पनि 'प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम २०६९ को नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन' शीर्षकको शोध भएको पाइएन । यसै कुरालाई मनन् गर्दै स्नातकोत्तर तह दोस्रो वर्षको नेपा.शि. ५९८ पाठयांश पूरा गर्ने प्रयोजनका लागि यो शोध कार्य गरेको हुँ । यस शोध कार्यको शीर्षक चयन देखि लिएर सिङ्गो शोधकार्य सम्पादन गर्न तथा कुशल निर्देशन र निरन्तर सहयोग गर्नु हुने मेरा शोध निर्देशक गुरु श्री मदनराज बरालज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस अध्ययनका क्रममा सामग्री चयन संङकलन तथा लेखन कार्यमा आफ्ना महत्त्वपूर्ण अनुभव र सुझाव दिनुहुने जनता क्याम्पस, नेपाली भाषा शिक्षा विभागका आदरणीय गुरु स.प्रा. दीपक न्यौपाने तथा उपप्रा. तीर्थराज भट्टराईज्यूहरुप्रति म आभारी छु । आफ्नो स्थानबाट आबश्यक सहयोग गर्नुहुने जनता बहुमुखी क्याम्पस सुनसरीका सम्बन्धित सम्पूर्ण आदरणीय गुरुहरूप्रति पनि म कृतज्ञता अर्पण गर्दछु ।

मेरो अध्ययनलाई निरन्तरता दिनुहुने बुबा श्री शेर बहादुर खड्का तथा आमा श्रीमती एकवली खड्काप्रति म आजन्म ऋणी छु । त्यसैगरी सामग्री संङ्कलनमा सहयोग गर्नुहुने मित्रहरू धन्यवादका पात्र हुनुहुन्छ । साथै यो शोध कार्यलाई प्रत्यक्ष तथा अप्रत्यक्ष सहयोग गर्नु हुने सम्पूर्ण शुभेच्छुकहरु प्रति विशेष धन्यवाद छ । शोधपत्रलाई टङ्कन तथा सम्पादन कार्यमा सहयोग गर्ने भाइ राजकुमार खड्काप्रति पनि म विशेष आभार प्रकट गर्दछु ।

__________

प्रवीण खड्का

(शोधार्थी)

# विषय सुची

**शीर्षक** **पेज नं.**

**अध्याय एक : शोध परिचय**

१.१ पृष्ठभूमि

१.२ समस्याकथन

१.३ शोधकार्यको उद्देश्य

१.४ पूर्वकार्यको पुनरावलोकन

१.५ अध्ययनको औचित्य

१.६ अध्ययन विधि

१.७ सामग्री  सङ्कलन

१.७.१ प्राथमिक स्रोत

१.७.२ द्वितीयक स्रोत

१.८ अध्ययनको सीमा

१.९ शोधकार्यको रूपरेखा

**अध्याय-दुई : नेपाली भाषा पाठ्यक्रमको सैद्धान्तिक पक्ष र यसका विश्लेषणका आधारहरू**

२.१ पाठ्यक्रमको परिचय

२.२ पाठ्यक्रमको सङ्कुचित अर्थ

२.३ पाठ्यक्रमको व्यापक अर्थ

२.४ पाठ्यक्रमका केही परिभाषाहरू

२.५ पाठ्यक्रमको महत्त्व

२.६ पाठ्यक्रमका तत्त्वहरू

२.६.१ उद्देश्य

२.६.१.१ साधारण उद्देश्य

२.६.१.२ विशिष्ट उद्देश्य

२.६.२ विषयवस्तु

२.६.३. शिक्षण विधि/शिक्षण सिकाइ क्रियाकलाप

२.६.४. मूल्याङ्कन

२.७. पाठ्यक्रम लक्ष्यका स्रोतहरू

२.७.१. सिकारु

२.७.२. समकालीन समाज

२.७.३. विषयविज्ञ

२.७.४. दार्शनिक र समाजशास्त्रीय आधार

२.८ पाठ्यक्रमका प्रकार

२.८.१. विषयकेन्द्रित पाठ्यक्रम

२.८.२. मुख्य पाठ्यक्रम

२.८.३. क्रियाकलापमुखी पाठ्यक्रम

२.९ पाठ्यक्रममा प्रभाव पार्ने तत्त्वहरू

२.१०. भाषा र भाषापाठ्यक्रमको परिचय

२.१०.१. भाषाको परिचय

२.१०.२. भाषापाठ्यक्रमको परिचय

**अध्याय- तीन : नेपाली भाषा पाठ्यक्रमको उद्देश्य, विषयवस्तुको क्षेत्र र क्रम, शिक्षण सामग्री, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाको तुलनात्मक विश्लेषण**

३.१. नेपाली भाषा पाठ्यक्रमको विकास

३.२ प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमको ऐतिहासिक परम्परा

३.३ निम्न माध्यमिक तहको नेपाली भाषाको पाठ्यक्रमको परम्परा

३.४. प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम २०६५ अन्तर्गत नेपाली भाषा पाठ्यक्रमको सङ्क्षिप्त परिचय

३.५. आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अन्तर्गत नेपाली भाषा पाठ्यक्रमको सङ्क्षिप्त परिचय

३.६. प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ को नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन

३.६.१ उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना

३.६.१.१ शिक्षाका साधारण उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना

३.६.२ भाषिक सीपगत आधारमा पाठ्यक्रमको तुलना

३.६.३ विधाको क्षेत्रका आधारमा पाठ्यक्रमको तुलना

३.६.४ अङ्कभार तथा पाठ्यभारका आधारमा पाठ्यक्रमको तुलना

३.६.५ शिक्षण सामग्रीका आधारमा पाठ्यक्रमको तुलना

३.६.६ शिक्षण प्रक्रिया वा विधिका आधारमा पाठ्यक्रमको तुलना

३.६.७. मूल्याङ्कन प्रक्रियाका आधारमा पाठ्यक्रमको तुलना

**अध्याय- चार : निष्कर्ष र सुझाव**

४.१ निष्कर्ष

४.१.१ सबल पक्षहरू

४.१.२ दूर्बल पक्षहरू

४.१.३ सुझावहरू

४.१.४ उपयोगिता

४.१.४.१ नीतिगत तह

४.१.४.१ प्रयोगगत तह

४.१.५ शोधपत्रको शैक्षणिक प्रयोजन

४.२ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

**सन्दर्भसूची**

**परिशिष्ट**

# परिशिष्ट

# तालिकासूची


| ता.सं. | शीर्षक | पृष्ठ सं. |
|---|---|---|
| १. | लिङ्गसम्बन्धी त्रुटिको अवस्था | |
| २. | वचनसम्बन्धी त्रुटिको अवस्था | |
| ३. | पुरुषसम्बन्धी त्रुटिको अवस्था | |
| ४. | आदरसम्बन्धी त्रुटिको अवस्था | |
| ५. | कालसम्बन्धी त्रुटिको अवस्था | |
| ६. | त्रुटिहरूको तुलनात्मक अवस्था | |
| ७. | त्रुटिहरूको समग्र अवस्था | |

# अध्याय एक
# शोध परिचय

## १.१ पृष्ठभूमि

'शोध' शब्द संस्कृत भाषाबाट आएको शब्द हो । 'शुध्' धातुमा 'अ' प्रत्यय लागेर कृत् प्रत्ययद्वारा शोध शब्दको निर्माण हुन्छ । जसको समानार्थी शब्दका रूपमा अनुसन्धान, अन्वेषण, गवेषणजस्ता शब्दहरूको प्रयोग भएको पाइन्छ । अनुसन्धानलाई अंग्रेजीमा 'रिसर्च' (research) भनिन्छ । यसको शाब्दिक अर्थ एकपटक खोजी गर्नु वा पत्ता लगाउनु भन्ने हुन्छ । त्यस्तै भाषासँग सम्बन्धित भएर गरिने अनुसन्धानलाई भाषिक अनुसन्धान भनिन्छ ।

'नेपाली बृहत् शब्दकोश' (२०४०) ले अनुसन्धानको अर्थ शुद्ध पार्ने वा चोख्याउने काम, कुनै विषयमा गहन अध्ययनका साथ गरिने खोज भनेर प्रस्ट्याएको छ । त्यसैगरी 'प्रयोगात्मक नेपाली शब्दकोश' (२०६८) ले कुनै कुराको खोज, जाँचबुझ, खोजपूर्ण अध्ययन, अन्वेषण शोध भनेर यसको अर्थ स्पष्ट पारेको छ । यसरी कुनै पनि विषयमा गहन अध्ययन गरी त्यसमा रहेको ज्ञानरूपी सत्य वा सारवस्तुको खोजीलाई अनुसन्धान भन्न सकिन्छ ।

प्रस्तुत शोधपत्रको शीर्षक **प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ को नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन** रहको छ । विभिन्न पुराना पाठ्यक्रमहरूमा केन्द्रित रही अधिक रूपमा अनुसन्धानका कार्यहरू भइसकेका तर पा.वि.के. द्वारा प्रकाशित नयाँ अवधारणासहितको नयाँ पाठ्यक्रम **आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९** का समस्या र सुझाव तथा यसको तुलनात्मक अध्ययनका विषयमा हालसम्म कुनै अनुसन्धान गरिएको पाइँदैन । तसर्थ प्रस्तुत अनुसन्धानले आफ्नो छुट्टै महत्त्व स्थापित गर्दछ । **प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९** निर्माणमा देखा परेका कमजोरी, भाषिक सीप, बोध, अभिव्यक्ति, विषयबस्तुको क्षेत्रको अबस्था आदि जस्ता कुरामा रहेका समस्या केलाउनु पर्ने देखिन्छ ।

## १.२ समस्याकथन

भाषा पाठ्यक्रम हरेक शिक्षार्थी, शिक्षक, शिक्षाविद्, भाषाविद् आदि सबैका लागि महत्त्वपूर्ण हुन्छ । अझ हालै परिवर्तन भएको **आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८)** २०६९ सबैका लागि झनै महत्त्वपूर्ण रहेको छ ।  प्रस्तुत अनुसन्धान निम्नलिखित समस्यामा केन्द्रित छ-

क) प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ को नेपाली भाषा निर्माणमा देखापरेका कमजोरीहरू के-के हुन् ?

ख) प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ को नेपाली भाषा पाठ्यक्रमका भाषिक सीप, बोध, अभिव्यक्ति र विषयवस्तुको क्षेत्र र क्रमको तुलनात्मक अवस्था  के-कस्तो छ ?

ग) उक्त भाषा पाठ्यक्रम बीचका भिन्नता वा अन्तरहरू के-के छन् ?

घ) उक्त भाषा पाठ्यक्रममा देखा परेका कमजोरी निराकरणका लागि के-कस्ता सुझावहरू हुन सक्छन् ?

## १.३ शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित छन्-

क) प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ को नेपाली भाषा निर्माणमा देखापरेका कमजोरीहरू तथा समस्याहरू पत्ता लगाउनु,

ख) प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९  को नेपाली भाषा पाठ्यक्रमका भाषिक सीप, बोध, अभिव्यक्ति र विषयवस्तुको क्षेत्र र क्रमको अवस्थालाई तुलनात्मक विश्लेषण गर्नु,

ग) प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ को नेपाली भाषा पाठ्यक्रममा पाइएका भिन्नताहरू पहिल्याउनु,

घ) उक्त भाषा पाठ्यक्रममा देखा परेका कमजोरी निराकरणका लागि सुझावहरू प्रस्तुत गर्नु ।

## १.४ पूर्वकार्यको पुनरावलोकन

थापाले (२०६२) द्वारा **माध्यमिक तहको नेपाली भाषा २०२८ र २०५५ को तुलनात्मक अध्ययन** नामक शीर्षकमा शोधकार्य सम्पन्न गरिएको पाइन्छ । यसमा माध्यमिक तहको पाठ्यक्रमको विकासक्रम पहिल्याउने, माध्यमिक तहको नेपाली भाषा २०२८ र २०५५ का विशेषताहरू पहिचान गर्ने, माध्यमिक तहको अनिवार्य नेपाली भाषा २०२८ र २०५५ का भाषिक सीप, भाषातत्त्व, बोध, अभिव्यक्ति, रचनाशिल्पको तुलना गर्ने, निर्माणमा देखापरेका कमजोरीहरू प्रस्तुत गरी निष्कर्ष तथा सुझाव प्रस्तुत गर्ने जस्ता उद्देश्यमा केन्द्रित रहेर यो शोधकार्य गरिएको छ । यस शोधकार्यपछि दुवै पाठ्यक्रममा पाठ्यांशको परिचय दिइएको, दुवै पाठ्यक्रममा साधारण उद्देश्य समावेश गरिएको, दुवै पाठ्यक्रममा राष्ट्रिय उद्देश्य समावेश गरिएको साथै नयाँ पाठ्यक्रममा कक्षागत उद्देश्य छुट्टाछुट्टै समावेश नगरिएको, शिक्षण विधि बारे छुट्टै रूपमा उल्लेख नगरिएको, विषय र समय प्रतिशत नछुट्याइएको जस्ता शोध निष्कर्षहरू निकालिएको देखिन्छ (पृष्ठ २, ४८) ।

भण्डारी (२०६३) का अनुसार नेपाली भाषा शिक्षा विभाग, महेन्द्ररत्न क्याम्पस, ताहाचलबाट दिलनाथ पुरीले **माध्यमिक र उच्च माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रम २०३८/२०४९ को तुलनात्मक अध्ययन** शीर्षकमा रहेर २०६२ सालमा शोधकार्य गरेका छन् । ८७ पृष्ठ रहेको यो शोधपत्र भाषिक मूल्याङ्नका दृष्टिले माध्यमिक र उच्च माध्यमिक तहको अनिवार्य नेपाली भाषा पाठ्यक्रम २०३८/२०४९ मा भाषिक सीप, भाषातत्त्व, बोध अभिव्यक्ति, रचनाशिल्प आदिको मूल्याङ्कन गर्ने र माध्यमिक र उच्च माध्यमिक तहको अनिवार्य नेपाली भाषा २०३८/२०४९ को वर्तमान स्थितिको अध्ययन, तुलना, मूल्याङ्कन, विश्लेषण गर्ने मूल उद्देश्यमा केन्द्रित देखिन्छ । दुवै पाठ्यक्रममा प्रत्येक एकाइमा अङ्कभार र पाठ्यभार समावेश नगरिएको, दुवै तहका उद्देश्यहरू भाषिक सीप, बोध र अभिव्यक्ति पक्षसँग सम्बन्धित देखिएको निष्कर्ष निकालिएको छ (पृष्ठ : २०७ ) ।

घिमिर (२०६७) **नेपाली माध्यमिक २०५५ र २०४६ को तुलनात्मक अध्ययन** शीर्षकमा फिरोजेले शोधकार्य सम्पन्न गरिएको छ । ६१ पृष्ठ रहेको सो शोधपत्र मुख्य रूपमा भाषिक सीप सम्बन्धी विषयवस्तुको बाँडफाँडको अवस्था, विषयवस्तुको छनोट र स्तर अनुकूल भएनभएको, उक्त

पाठ्यक्रमको अन्तर, उक्त पाठ्यक्रममा अध्ययनका आधारमा तिनीहरूमा विषयवस्तुको क्षेत्र र क्रम के-कस्तो रहेको आदिलाई मुख्य केन्द्रबिन्दु मानेर शोधकार्य गरेको पाइन्छ (पृष्ठ ५७) ।

खतिवडा (२०५४) बाट **प्राथमिक शिक्षा नेपाली विषय पाठ्यक्रम २०३६/०३८ र २०४९ को तुलनात्मक अध्ययन** शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । उनले पाठ्यक्रम निर्माण विकास र विश्लेषणका आधारहरू पहिचान गर्नु, भाषा पाठ्यक्रम निर्माणका आधारका दृष्टिले प्राथमिक शिक्षा नेपाली विषय पाठ्यक्रम २०३६/०३८ र २०४९ का नेपाली विषय पाठ्यक्रमको विश्लेषण गर्नु र विश्लेषण तुलनाका आधारमा पाठ्यक्रम निर्माणमा देखा परेका कमजोरीहरूको पहिचान गरी निष्कर्ष तथा सुझाव प्रस्तुत गरी तीन वटा उद्देश्य राखेर गरिएको उक्त शोधकार्यमा पुराना र नयाँ दुवै पाठ्यक्रमहरू अध्ययन गर्दा स्तरगत उद्देश्य र सिकाइ उपलब्धिहरू स्पष्ट निर्धारण नगरिएका, पुरानो पाठ्यक्रम कुन भाषिक सीप विकासको उद्देश्यका लागि तयार गरिएको हो सो स्पष्ट उल्लेख नगरिएको, पुरानो पाठ्यक्रममा भाषिक सीप विकासका लागि निर्धारित क्रियाकलापहरू शिक्षक केन्द्रित भएको जस्ता निष्कर्ष निकालिएको र स्तरगत उद्देश्य निर्धारण गर्दा के-कस्ता सीप विकासका लागि हो स्पष्ट हुनुपर्ने, कक्षा १ देखि २, ३, ४, ५ मा भाषिक सीप सम्बन्धी उद्देश्य क्रमिक रूपमा विकास गरिनु पर्ने, पाठ्यक्रममा निर्धारित सिकाइ उपलब्धि हासिल गर्न पाठ्यक्रममा उपयुक्त शिक्षण प्रक्रिया उल्लेख गरेमा शिक्षक र विद्यार्थीलाई मार्गदर्शन गर्न सकिने जस्ता सुझाव समेत प्रस्तुत  गरिएको छ (पृष्ठ : ७५) ।

यसरी विभिन्न पुराना पाठ्यक्रमहरूमा केन्द्रित रही अधिक रूपमा अनुसन्धानका कार्यहरू भइसकेका तर पा.वि.के. द्वारा प्रकाशित नयाँ अवधारणासहितको नयाँ पाठ्यक्रम आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ का समस्या र सुझाव तथा यसको तुलनात्मक अध्ययनका विषयमा हालसम्म कुनै अनुसन्धान गरिएको पाइँदैन । तसर्थ प्रस्तुत अनुसन्धानले आफ्नो छुट्टै महत्त्व स्थापित गर्दछ ।

## १.५ अध्ययनको औचित्य

हाल सम्म प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ दुवैको तुलनात्मक अध्ययन कतै कसैबाट भएको देखिंदैन ।

प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ निर्माणका क्रममा देखापरेका कमजोरीहरूमाथि अनुसन्धान गरिने

भएकाले उक्त कमजोरीहरूलाई सुधार गर्दै भविष्यमा पाठ्यक्रमविद् तथा पाठ्यक्रम निर्माणकर्तालाई पाठ्यक्रम परिमार्जन गरी निर्माण गर्न सहज हुनेछ ।

यसमा प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ मा भएका भाषिक सीप, बोध, अभिव्यक्ति आदि अवस्थाको अध्ययन गरिने भएकाले अध्यापनरत शिक्षक, पाठ्यक्रमसँग सम्बन्धित पक्ष र सरोकारवाला सम्पूर्णलाई आ-आफ्नो क्षेत्रमा कार्य गर्न सहजता साथै आगामी कार्यदिशा तयार गर्नका लागि सहयोग पुग्नेछ ।

आधारभूत शिक्षा पाठ्यक्रम २०६९ नयाँ पाठ्यक्रम भएको हुनाले सम्बन्धित शिक्षक, विद्यार्थी, पाठ्यक्रमविद्, अनुसन्धानकर्ता आदिका लागि भावी दिनमा अध्ययन-अध्यापन, अनुसन्धान गर्न सहज हुने भएकाले प्रस्तुत शोधकार्य औचित्यपूर्ण रहेको छ ।

## १.६ अध्ययन विधि

प्रस्तुत शोधकार्यमा मुख्य रूपमा पाठ्यक्रम, पाठ्यपुस्तक र पुस्तकालयीय विधि अपनाएको छ भने आंशिक रूपमा वर्णनात्मक विधि तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ साथै आवश्यकता अनुसार साथै शोध निर्देशकको सल्लाह, सुझाव निर्देशनलाई शिरोपर गर्दै शोधकार्य अगाडि बढाइएको ।

## १.७ सामग्री  सङ्कलन

प्रस्तुत अध्ययनसँग सम्बन्धित सामग्रीहरूलाई निम्न दुई वटा स्रोतबाट सङ्कलन गरिएको ।

### १.७.१ प्राथमिक स्रोत

प्रस्तुत शोधकार्यको लागि प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ लाई नै प्राथमिक स्रोतका रूपमा लिएको छ ।

### १.७.२ द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यको लागि द्वितीयक स्रोतका रूपमा प्रकाशित पाठ्यपुस्तकहरू, सन्दर्भपुस्तक, पत्रपत्रिकामा प्रस्तुत लेख रचनाहरू, प्रकाशित तथा अप्रकाशित शोधपत्रहरू, शोध निर्देशक लगायत सहपाठीबाट प्राप्त सुझावलाई पनि शोधकार्यको द्वितीयक स्रोतका रूपमा उपयोग गरिएको छ ।

## १.८ अध्ययनको सीमा

प्रस्तुत शोधकार्य निम्न सीमाभित्र सीमित रहेको छ-

क) प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४-५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ को अध्ययन,

ख) प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४-५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ मा नेपाली भाषाको भाषिक सीप, बोध र अभिव्यक्तिको अवस्थाको अध्ययन,

ग) प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४-५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ को  नेपाली भाषा पाठ्यक्रम निर्माणमा देखा परेका कमजोरीहरूको पहिचान गर्न,

घ) प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ का भिन्नताहरूको पहिचान ।

## १.९ शोधकार्यको रूपरेखा

प्रस्तुत शोधकार्यको रूपरेखा निम्न अनुसारको रहेको छ-

अध्याय एक : शोध परिचय

अध्याय दुई : नेपाली भाषा पाठ्यक्रमको सैद्धान्तिक पक्ष र यसका विश्लेषणका आधारहरू

अध्याय तीन : पाठ्यक्रमको तुलनात्मक अध्ययन विश्लेषण

अध्याय चार : अध्ययनका निष्कर्ष तथा सुझावहरू

# अध्याय-दुई

# नेपाली भाषा पाठ्यक्रमको सैद्धान्तिक पक्ष र यसका विश्लेषणका आधारहरू

## २.१ पाठ्यक्रमको परिचय

मानिस सभ्य र शिक्षित हुँदै जाने क्रममा आफ्नो जीवनयापनका लागि शिक्षाको महसुस गर्न थाले । आफूले जानेका सुनेका र बुझेका कुराहरू आफ्ना सन्तानहरूलाई हस्तान्तरण गर्न थाले । औपचारिक शिक्षाको महसुस गरी शिक्षालय खोल्ने कुराको जन्म भयो । १८औं शताब्दीतिर शिक्षालय खोले पनि के पढाउने र कसरी पढाउने भन्ने कुराको समस्या भयो । यस्तै समस्याको कारणबाट पाठ्यक्रमको जन्म हुन गयो । पाठ्यक्रम शब्द सम्बन्धित शब्द pedagogy को प्रयोग १७ औँ शताब्दीमा भए पनि पाठ्यक्रमको अवधारणा सन १९१८ मा बेबिट्स ले गरेका थिए । लेबिस र मीलले सन १८७२ मा पाठ्यक्रमको धेरै लेख रचनाहरू प्रकाशनमा ल्याए । पाठ्यक्रमको प्रभावकारी विकास र विस्तार भने बीसौं शताब्दीको देन मान्नुपर्छ भनेका छन् (श्रेष्ठ र रञ्जितकार, २०६० : १) ।

पाठ्यक्रम शब्द अङ्ग्रेजी शब्द curriculum शब्दको नेपाली रूपान्तरण हो । curriculum भाषाको currere शब्द बाट बनेको हो । currere शब्दको अर्थ धावनमार्ग वा दौडको मैदान भन्ने हुन्छ । पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पूरा गर्न विद्यार्थीले अपनाउने प्रक्रियालाई पाठ्यक्रमरूपी दौडको मैदान भनियो । यसरी पाठ्यक्रमको शाब्दिक अर्थ अनुसार पाठ्यक्रम त्यो बाटो हो जसमा दौडिएर विद्यार्थी आफ्नो लक्ष्य प्राप्त गर्दछ । उसरी निर्धारित उद्देश्य पूरा गर्न अपनाइएको निर्धारित बाटो वा प्रक्रियालाई पाठ्यक्रम भनिन्छ (शर्मा र पौडेल, २०६० : २६५) ।

यसरी हेर्दा समय परिवर्तन सँगै वा समयको माग बमोजिम शिक्षा पनि विकसित बन्दै गएको देखिन्छ । औपचारिक शिक्षालाई व्यवस्थित गर्न पाठ्यक्रमको अबधारणा पनि अघि सर्दै गएको देखिन्छ । पाठ्यक्रमलाई एउटा धावन मार्गका रुपमा लिन सकिन्छ जसको सहयोग बाट निश्चित लक्ष्य वा उद्देश्य सम्म पुग्न सकिन्छ ।

## २.२ पाठ्यक्रमको सङ्कुचित अर्थ

पाठ्यक्रमको सङ्कुचित अर्थलाई हेर्दा परम्परागत धारणलाई पाउन सकिन्छ । पाठ्यक्रमको सङ्कुचित अर्थ भन्नाले कक्षाकोठाभित्र शिक्षकबाट सिकाइने विषयवस्तु, पाठ्यवस्तु, पाठ्यविवरण, विषयसूची, पाठ्यांशहरूको संगालोलाई पाठ्यक्रम भन्ने बुझिन्छ । यो परम्परागत सङ्कुचित धारणाले धेरै मान्यता पाएको थियो । कक्षाकोठामा शिक्षकले के पढाउने भन्ने बारे निर्धारण गरेको पाठ्यवस्तु तथा पाठ्यविवरणलाई पाठ्यक्रम भनिन्छ । यसले विद्यार्थीको रुचि, दक्षता, स्तर नबुझी खाली मस्तिष्कमा विषयवस्तु लादेको देखिन्छ (अधिकारी बिष्णुप्रसाद, २०६८/०६९: २२९) ।

पाठ्यक्रमको प्राचीन तथा परम्परागत धारणा धेरै संकुचित प्रकारको रहेको पाइन्छ । प्राम्भिक धारणा अर्न्तगत कक्षाकोठा भित्र शिक्षकद्वारा सिकाइने विषयवस्तु, पाठ्यवस्तु, पाठ्यविवरण, विषयसूची, पाठयांसहरुको संगालोनै पाठ्यक्रम हो (श्रेष्ठ र रञ्जितकार, २०६० : २) ।

यसरी पाठ्यक्रमका सङ्कुचित अर्थलाई हेर्दा कक्षाकोठाभित्र सिकाइने विषयवस्तु पाठ्यवस्तु, पाठ्यविवरण, विषयसूची, पाठ्यांशहरूको संगालो जस्ता कुराहरूलाई लिइएको छ । यी कुराहरुलाई नै पाठ्यक्रम भनेको पाउन सकिन्छ ।

## २.३ पाठ्यक्रमको व्यापक अर्थ

पाठ्यक्रमलाई व्यापक अर्थको रूपमा लिंदा यसले शिक्षाका लक्ष्य तथा उद्देश्य, सिकाइ सामग्री, सिकाइ विषयवस्तु, सिकाइ अनुभव, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन तथा अङ्गहरूलाई समेटेको हुन्छ । सिकारुको शिक्षण सिकाइलाई निर्दिष्ट गरिएका सबै आवश्यक तत्त्वहरू समावेश भएको दस्तावेजलाई पाठ्यक्रमको व्यापक अर्थका रूपमा लिइन्छ । पाठ्यक्रले शैक्षिक अनुभव, शिक्षण सिकाइ क्रियाकलाप, सिकाइ वातावरण एवम् सिकारुको सम्पूर्ण सिकाइ पक्षलाई समेट्ने भएकोले पनि यसलाई पाठ्यक्रमको व्यापक अर्थको रूपमा लिनुपर्ने हुन्छ । पाठ्यक्रम कक्षाभित्र र बाहिर बनाइने सम्पूर्ण शैक्षिक कार्यक्रमको विस्तृत योजनाबद्ध दस्तावेज हो । पाठ्यक्रम एउटा मुख्य मार्ग हो । सिकारुको पूर्वअनुभवको ख्याल नगरी पाठ्यक्रमले निधारित गरेको पाठ्यक्रमको उद्देश्य पूरा नहुने हुनाले सिकारुको पूर्वदक्षता र अनुभवको ख्याल गर्नुपर्छ (श्रेष्ठ र रञ्जितकार, २०६० : ३ ) ।

यसरी पाठ्यक्रको व्यापक अर्थलाई हेर्दा सिकारुलाई सक्रियरुपमा संम्लग्न नगरी प्रभावकारी शिक्षण नहुने भएकाले सिकारुको रुचि, दक्षता, आवश्यकतालाई ख्याल गरी सिकाइ गर्नु पनि पाठ्यक्रमको व्यापक अर्थभित्र पर्दछ ।

## २.४ पाठ्यक्रमका केही परिभाषाहरू

राष्ट्रिय शिक्षा पद्धती योजना २०२८ लाई सन्दर्भ मानी हेर्दा पाठ्यक्रम भन्नाले शिक्षाको उद्देश्य प्राप्तिका लागि बनाइएको शैक्षिक कार्यक्रम हो भनिएको छ । त्सस्तै विद्यार्थी पुस्तक प्रा.लि. ले डा. हेमाङ्राज अधिकारी तथा डा. बद्रीविशाल भट्टराईको सम्पादनमा प्रकाशन गरिएको प्रयोगात्मक नेपाली शब्दकोशमा विद्यार्थीले शिक्षालयमा एक वा अनेक विषयमा खास अवधिभित्र आर्जित गर्न सक्ने अनुभव ज्ञान सीप आदिको शैक्षिक योजना भनेर परिभाषित गरीएको छ ।

पाठ्यपुस्तकसँग सम्बन्धित यी माथिका परिभाषाहरूलाई हेर्दा सिकारुको व्यावहारिक जीवनसँग पूर्ण रूपमा सम्बन्ध राख्ने सम्पूर्ण शैक्षणिक क्रियाकलापहरूको व्यवस्थित, योजनाबद्ध र संगठित रूप नै पाठ्यक्रम हो भन्न सकिन्छ । पाठ्यक्रमभित्र विद्यालय, शिक्षक, विद्यार्थी, अभिभावक र समाजका सम्पूर्ण शैक्षिक क्रियाकलापहरू समावेश गरिएका हुन्छन् ।

## २.५ पाठ्यक्रमको महत्त्व

तीर्थराज खतिवडाद्वारा २०५४ सालमा **प्राथमिक शिक्षा नेपाली विषय पाठ्यक्रम, २०३६/२०३८ र २०४९ को तुलनात्मक अध्ययन** नामक स्नातकोत्तर तहको आफ्नो शोध कार्यमा पाठ्यक्रमको महत्त्वलाई शैक्षिक उद्देश्य निर्धारण गर्न, विद्यार्थीहरूमा केही परिवर्तनहरू ल्याउनका लागि सिकाइ अनुभवहरू एकत्रित गर्न, निर्धारित उद्देश्य अनुरूप विषयवस्तु छनोट गर्न, पाठ्यपुस्तक तयार पार्न, शिक्षक निर्देशिका तयार पार्न, शैक्षिक सामग्री तयार पार्न, सम्पूर्ण शिक्षण क्रियाकलाप निर्देशित गर्न पाठ्यक्रमको महत्त्व छ भनेर उल्लेख गरिएको पाइन्छ । त्यसैगरी विष्णुप्रसाद अधिकारीद्वारा लिखित **शिक्षाशास्त्र र नेपालका शिक्षा : सिद्धान्त र अभ्यास** नामक पुस्तकमा शिक्षण सिकाइ कार्य सहज बनाउन, शिक्षाको राष्ट्रिय उद्देश्यलाई पूरा गर्न, नयाँ पाठ्यक्रमको निर्माण तथा परिमार्जन गर्न, पाठ्यपुस्तक नभएमा समेत शिक्षण गर्न, शिक्षक निर्देशिका, पाठ्यपुस्तक, पाठ्यक्रम दिग्दर्शन आदिको निर्माण कार्य गर्न सहज बनाउन पाठ्यक्रमको महत्त्व रहेको छ भनिएको छ ।

यसरी हेर्दा शिक्षाका उद्देश्य पूरा गर्न शिक्षा तथा शिक्षणलाई प्रभावकारी बनाउन तथा पाठ्यपुस्तकको अभावको पूर्ति, पाठ्यपुस्तकको निर्माण, शिक्षक निर्देशिका, शिक्षण सुधार आदि कुरा पाठ्यक्रमकै माध्यमबाट सम्भव हुने भएकाले पाठ्यक्रमको महत्त्व छ ।

## २.६ पाठ्यक्रमका तत्त्वहरू

पाठ्यक्रमभित्र विभाजन गरिएका विभिन्न भाग, अंग एवम् परिच्छेदलाई पाठ्यक्रमको तत्त्व भन्न सकिन्छ । पाठ्यक्रममा समावेश गरिने विभिन्न तत्त्वहरूका बारेमा शिक्षाविद्हरूको मतभेद भए पनि सबैका कुराहरूको निचोड भने आंशिक रूपमा निकै मिलेको देखिन्छ । त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट स्नातकोत्तर तहमा नारदकुमार थापाले गरेको **माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन** नामक शोधकार्यमा पाठ्क्रमका तत्त्वहरूको उल्लेख गर्न क्रममा Avdney Nicholls को Developing curriculum बाट निम्न तत्त्वहरू रहन्छन् भनेर शोधकार्यमा उल्लेख गरिएको छ (पृष्ठ : ९ ) -

१. उद्देश्य

२. विषयवस्तु

३. विधि/शिक्षण प्रक्रिया

४. मूल्याङ्कन

त्यसैगरी विष्णुप्रसाद अधिकारीद्वारा लिखित **शिक्षाशास्त्र र नेपालका शिक्षा : सिद्धान्त र अभ्यास** नामक पुस्तकमा पाठ्यक्रमका तत्त्वका बारेमा हिल्डा टावाले निर्धारण गरेका तत्त्वहरू यसरी उल्लेख गरेको छन् (पृष्ठ : २३३ )-

१. लक्ष्य र उद्देश्य

२. विषयसूची

३. स्रोत सामग्रीहरू

४. क्रियाकलापहरू

५. मूल्याङ्कन

त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरबाट स्नातकोत्तर तहमा नारदकुमार थापाले गरेको **माध्यमिक तहको नेपाली भाषापाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन** नामक शोधकार्यमा Avdney Nicholls द्वारा निर्धारण गरिएको पाठ्यक्रमका तत्त्वअनुसार निम्न तत्त्वलाई राखिएको छ-

## २.६.१ उद्देश्य

के सिकाउने र किन सिकाउने भन्ने कुराको समष्टि रूप नै उद्देश्य हो । अतः यसलाई सिकाइ उपलब्धिका रूपमा पनि चिनाउन सकिन्छ । उद्देश्य निर्माण गर्दा समाजको राजनैतिक, सांस्कृतिक अवस्था, मान्यता, समाजको स्वरूप, ज्ञानको प्रकृति, बालमनोविज्ञान आदि कुरामाथि ध्यान पुऱ्याइ उद्देश्यलाई व्यावहारिक र विशिष्ट बनाउनुपर्छ (थापा, २०६२ : ९) ।

हरेक कार्यको आ-आफ्नै लक्ष्य तथा उद्देश्य हुन्छ । विद्यार्थीहरुलाई के सिकाउने तथा किन सिकाउने भन्ने कुराको अग्रिम निर्धारित लक्ष्यलाई उद्देश्य भनिन्छ ।

### २.६.१.१ साधारण उद्देश्य

साधारण उद्देश्यले विद्यार्थीले सिक्नु वा जान्नुपर्ने विषयवस्तुका बारेमा मोटामोटी जानकारी प्रदान गर्दछ । साधारण उद्देश्यले धैरै ठुलो क्षेत्र ओगटेको हुन्छ । साधारण उद्देश्यहरू विशिष्ट उद्देश्यहरूका दाँजोमा व्यापक, बृहत् एवम् विस्तृत किसिमका हुन्छन् । यिनीहरूले सम्बन्धित शिक्षण एकाइ वा पाठका उद्देश्यहरू मात्र नसमेटी कुनै एक पाठ्यांश शिक्षणका साधारण सिकाइ नतिजाहरूसमेत समेट्दछन् । साधारण उद्देश्य बढी लक्ष्यसँग नजिक हुन्छ भने एउटा साधारण उद्देश्यमा धेरै विशिष्ट उद्देश्यहरू समेटिएका हुन्छन् । साधारण उद्देश्य मापनीय हुदैनन् न त विशिष्ट प्रकृतिको नै हुन्छन् । साधारण उद्देश्यलाई सामान्य उद्देश्य पनि भनिन्छ (श्रेष्ठ र रञ्जितकार, २०६० : १४) ।

विद्यार्थीहरुले सिक्नु पर्नेकुराको मोटामोटी रुपनै वा बढी लक्ष्य सँग नजिक रहेका सामान्य उद्देश्यहरु लाई नै साधारण उद्देश्य भनिन्छ ।

### २.६.१.२ विशिष्ट उद्देश्य

कुनैपनि विषयको कुनै एकाइ, पाठ वा विषयवस्तुहरूको शिक्षण गरिसकेपछि वास्तविक सिकाइका रूपमा विद्यार्थीहरूमा देखिनुपर्ने निश्चित व्यावहारिक परिवर्तनलाई स्पष्टसँग सङ्केत गरी

व्यहारमा परिलक्षित हुने उद्देश्यलाई व्यावहारिक तथा विशिष्ट उद्देश्य भनिन्छ । अर्को शब्दमा भन्दा कुनैपनि विषयवस्तुको पठनपाठनको अन्तमा विद्यार्थीहरूको व्यावहारिक परिवर्तनको फलस्वरूप निश्चित रूपमा प्राप्त गर्न सकिने नतिजाहरूलाई स्पष्टसँग औंल्याउने उद्देश्यलाई विशिष्ट उद्देश्य भनिन्छ । विशिष्ट उद्देश्यलाई तिखा वा धारिला उद्देश्य पनि भनिन्छ । त्यसैगरी यी उद्देश्यहरूले प्राप्त गर्न खोजिएका नतिजाहरूको प्रमाणस्वरूप विद्यार्थीहरूका समापन व्यवहारहरूलाई किटान गर्दछन् (श्रेष्ठ र रञ्जितकार, २०६० : १६) ।

सिकाइ पश्चात व्यावहारमा देखिएने परिपर्तन सँग बढी नजिक तथा सिकाइ र व्यवहार परिवर्तनको नतिजालाई प्रस्ट्याउने खालका उद्देश्यलाई विशिष्ट उद्देश्य भनिन्छ ।

### २.६.२ विषयवस्तु

पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू पूरा गर्नका लागि उपयुक्त विषयवस्तुको छनोट गर्नुपर्दछ । विषयवस्तु वा विषयसूची भन्नाले विद्यार्थीमा कस्तो किसिमको ज्ञान, सीप र धारणाको विकास गराउनुपर्ने हो सो अनुसारका पढाउने वा सिकाउने शैक्षिक अनुभवहरू हुन् । शिक्षण सिकाइको समाप्तिपछि विद्यार्थीमा कस्तो किसिमको परिवर्तन गर्न खोजिएको हो सोही अनुसार सूची छनोट गरिनुपर्छ । पाठ्क्रमको उद्देश्य अनुरूप शिक्षण सिकाइ गरी विद्यार्थीहरूको व्यवहारमा चाहेअनुसार परिवर्तन ल्याउने माध्यमलाई विषयवस्तु भनिन्छ । विषयवस्तुको छनोट गर्दा विषयवस्तुको वैधता, महत्त्व र रुचिपूर्णता, बौद्धिकता वा सिकाइ र ज्ञान योग्यता क्षेत्र र क्रम मिलाउने कुरालाई पनि ध्यान दिनुपर्दछ (अधिकारी, २०६९ : २३३) ।

विद्यार्थीमा कस्तो किसिमको ज्ञान , सीप र धारणाको विकास गराउनु पर्ने हो सो स्पष्ट खाकालाई विषयवस्तु मान्न सकिन्छ ।

### २.६.३. शिक्षण विधि/शिक्षण सिकाइ क्रियाकलाप

**शिक्षाशास्त्र र नेपालका शिक्षा : सिद्धान्त र अभ्यास** नामक पुस्तकमा विष्णुप्रसाद अधिकारीले शिक्षण विधि वा शिक्षण सिकाइ क्रियाकलापलाई यसरी व्याख्या गरेको पाइन्छ । उद्देश्यलाई पूरा गर्न कस्ता शिक्षण विधि प्रयोग गर्ने, शिक्षकले क-के क्रियाकलाप गराउने आदि जस्ता कुरा यसैले निर्धारण गर्ने वा उद्देश्य पूरा गर्नका लागि कसरी शिक्षण गर्ने भन्ने कुराको स्पष्ट धारणगत प्रक्रियालाई नै शिक्षण विधि वा शिक्षण सिकाइ क्रियाकलाप भनिन्छ । अर्थात शिक्षक र विद्यार्थीको

अन्तरक्रियालाई शिक्षण विधि वा शिक्षण सिकाइ क्रियाकलापका रूपमा लिन सकिन्छ । विद्यार्थीको रुचि, क्षमता, योग्यता, उमेर, पूर्वअनुभव, समयसीमा आदि जस्ता कुराहरूलाई ध्यान दिएर शिक्षण विधिको चयन गरिएको हुन्छ (पृष्ठ:२६४) ।

पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरू यही क्रियाकलापका माध्यमबाट विद्यार्थीसमक्ष पुग्ने भएको हुनाले पाठ्यक्रमको एक महत्त्वपूर्ण तत्त्वका रूपमा यस शिक्षण विधि वा शिक्षण सिकाइ क्रियाकलापलाई लिन सकिन्छ ।

### २.६.४. मूल्याङ्कन

जसरी पाठ्यक्रमका अन्य तत्त्वहरू महत्त्वपूर्ण छन् सोही प्रकारले यो मूल्याङ्कन पनि महत्त्वपूर्ण तत्त्व हो । सामान्यार्थमा मूल्याङ्कन भन्नाले कुनै पनि कार्य वा कुराहरूको लेखाजोखा गर्ने कार्य भन्ने बुझिन्छ । सोही प्रकारले यहाँ मूल्याङ्कन भन्नाले पाठ्यक्रमले तय गरेका वा निर्धारण उद्देश्यहरू पूरा भयो कि भएन वा के कति पूरा भए वा कति पूरा हुन सकेनन् भनेर गरिने शैक्षिक लेखाजोखालाई मूल्याङ्कनका रूपमा लिइन्छ । यसरी मूल्याङ्कनले सिकारु, शिक्षण, पाठ्यक्रम आदिको स्तरको समेत मूल्याङ्कन गर्दछ । यही मूल्याङ्कनबाट नै पाठ्यक्रममा भएका कामीकमजोरी हटाउन, समाज, वातावरण, रुचि, समय, माग वा आवश्यकताअनुसार पाठ्यक्रमलाई परिमार्जित तथा परिवर्तन गर्न सहयोग प्राप्त हुने गर्दछ । यही विविध आधारले मूल्याङ्कनलाई पाठ्यक्रमको एक महत्त्वपूर्ण तत्त्वका रूपमा चिनिन्छ (खतिवडा, २०५४ : १७) ।

उद्देश्य प्राप्ति भयो या भएन भनेर शिक्षण कार्यपश्चात् गरिने लेखाजोखालाई मूल्याङ्कन भन्ने गरिन्छ वा विद्यार्थीले जाने वा जानेनन् भनेर गरिने शैक्षिक मापनलाई मूल्याङ्कन भनिन्छ ।

## २.७. पाठ्यक्रम लक्ष्यका स्रोतहरू

विष्णुप्रसाद अधिकारीले आफ्नो **शिक्षाशास्त्र र नेपालका शिक्षा : सिद्धान्त र अभ्यास ,२०६८/२०६९:२६४** नामक पुस्तकमा पाठ्यक्रम लक्ष्यका स्रोतहरूलाई निम्नानुसार व्याख्या गरेका छन्-

- सिकारु
- समकालीन समाज
- विषयविज्ञ

) दार्शनिक र समाजशास्त्रीय आधार

## २.७.१. सिकारु

पाठ्यक्रम निर्माण गर्दा सिकारुलाई नै मुख्य आधार मानेर निर्माण गरिएको हुन्छ । निर्माण गरिएको पाठ्यक्रम सिकारुसम्म पुगेन भने त्यसको कुनै अर्थ रहँदैन । पाठ्यक्रम सिकारुकै लागि लक्षित गरेर बनाइने हुनाले पाठ्यक्रम लक्ष्यका स्रोतका रूपमा सिकारु सर्वाधिक महत्त्वपूर्ण छ । सिकारुका रुचि, आवश्यकता, ज्ञान, क्षमता, सीप आदिको ख्याल गरी शिक्षकले शिक्षण क्रियाकलापको माध्यमबाट सिकारुको व्यवहार परिवर्तन गर्दछ । यति मात्र नभएर सिकारुको चौतर्फी विकासमा पनि पाठ्यक्रमले ध्यान दिनुपर्दछ । पाठ्यक्रमका उद्देश्य तयार गर्दा पनि सिकारुको रुचि, चाहना, आवश्यकता आदि पक्षलाई केन्द्रित गर्दै सिकारुको सिकाइलाई सुनिश्चित गरिएको हुन्छ ।

विद्यार्थीमा व्यवहारिक परिवर्तन ल्याउन विद्यार्थीको आवश्यकता, रुचि, विद्यार्थीलाई दिइने सूचना, बालकले हासिल गर्ने उपलब्धि र बालकले गर्ने क्रियाकलापमाथि ध्यान दिनुपर्छ । पाठ्यक्रम बालकको इच्छा मुताबिक बालकेन्द्रित, समाजकेन्द्रित र व्यवहारकेन्द्रित हुनुपर्दछ । पाठ्यक्रम निर्माण गर्दा बालकका आवश्यकता, सामाजिक परिस्थिति, रहनसहनको प्रक्रिया, स्वास्थ्य र खानपानमा पनि जानकारी प्राप्त गर्नुपर्दछ । बालकका भौतिक सामाजिक र एकीकृत आवश्यकताको पूर्तिका लागि पाठ्यक्रम तयार पारिने हुँदा पाठ्यक्रम लक्ष्यको मुख्य स्रोतको रूपमा सिकारुलाई लिइन्छ (शर्मा, २०५८ : २०) ।

## २.७.२. समकालीन समाज

पाठ्यक्रम लक्ष्यका प्रमुख स्रोतहरूमध्ये यो समकालीन समाज ज्यादै महत्त्वपूर्ण तत्त्व हो । निर्मित पाठ्यक्रम समाजमा गएर लागु हुने हुनाले पाठ्यक्रम लक्ष्यका स्रोतका रूपमा समकालीन समाजले भूमिका खेल्दछ । समाजमा भएका धर्म, संस्कृति, परम्परा, नीतिनियम, मूल्यमान्यता आदिलाई पाठ्यक्रम लक्ष्य निर्धारणका क्रममा ध्यान पुऱ्याउनुपर्दछ । समाजअनुकूल पाठ्यक्रम निर्माण गर्न सकियो भने मात्र पाठ्यक्रम सफल हुन्छ । तसर्थ पाठ्यक्रमको कर्मथलोका रूपमा समकालीन समाजलाई लिन सक्छौं । त्यसैले पाठ्यक्रमको लक्ष्य निर्धारणको एक प्रमुख स्रोतका रूपमा समकालीन समाजलाई लिइन्छ ।

### २.७.३. विषयविज्ञ

पाठ्यक्रम उद्देश्य निर्धारणको अर्को महत्त्वपूर्ण स्रोत विषयविज्ञ हो । सम्बन्धित विषयमा अनुभवी, दक्ष, विषयवस्तुहरूको ज्ञाता, गहन अध्ययन गरेका व्यक्तिलाई विषयविज्ञ भनिन्छ । विषयविज्ञले आफ्ना विचारहरू राख्दा ती विचारहरू आधिकारिक विचार बन्दछन् । पाठ्यक्रमको निर्माणदेखि लिएर कार्यान्वन सम्मका पक्षमा सबै क्षेत्रमा विषयविज्ञको गहन भूमिका रहेको हुन्छ । सम्बन्धित पक्षबाट आएका राय, सल्लाह, सुझावहरूलाई एकीकृत गर्ने तथा परिष्कृत गर्ने कार्य पनि विषयविज्ञले गर्दछन् । उद्देश्य निर्धारण, शैक्षिक सामग्री, शैक्षिक क्रियाकलाप, मूल्याङ्कन जस्ता पक्षहरूमा के-कसरी गर्ने आदि कुरामा सल्लाह सुझाव दिने कार्य पनि विषयविज्ञको नै रहेको हुन्छ । समय अनुसारको पाठ्यक्रम तय गरी वा प्रभावकारी पाठ्यक्रम बनाउनका लागि विषयविज्ञको अभावमा उक्त कार्य असफल हुने भएकाले विषयविज्ञ पनि मुख्य स्रोत हो ।

### २.७.४. दार्शनिक र समाजशास्त्रीय आधार

पाठ्यक्रमको उद्देश्य निर्धारण गर्ने अर्को स्रोत दार्शनिक र समाजशास्त्रीय आधार पनि हो । समाज, सिकारु, विषयविज्ञ आदिको रुचि तथा आवश्यकताबमोजिम पाठ्यक्रमलाई सन्तुलित, व्यवस्थित, सङ्गठित बनाउने प्रमुख आधार भनेको शिक्षाको दार्शनिक र समाजशास्त्रीय आधार हो । विषयवस्तुहरू असङ्गठित तथा असीमित हुने भएकाले दार्शनिक र समाजशास्त्रीय आधारको सहयोगमा उद्देश्यहरूको छनोट गर्न, उद्देश्यहरू बीचको सम्बन्ध स्पष्ट गर्न र अनावश्यक कुराहरूलाई हटाउन यसले ठुलो सहयोग गर्ने भएको हुनाले दार्शनिक र समाजशास्त्रीय आधार पाठ्यक्रमको लक्ष्य निर्धारणको महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको छ ।

## २.८ पाठ्यक्रमका प्रकार

पाठ्यक्रमका विभिन्न प्रकारहरू भएतापनि निर्माण अनुसार सामान्यतया पाठ्यक्रम निम्नानुसार रहेका छन् (अधिकारी, २०६८/६९ : २५०) -

- विषयकेन्द्रित पाठ्यक्रम
- मुख्य पाठ्यक्रम
- क्रियाकलापमुखी पाठ्यक्रम

) शुषुप्त पाठ्यक्रम

### २.८.१. विषयकेन्द्रित पाठ्यक्रम

यस पाठ्यक्रमलाई परम्परावादी पाठ्यक्रमका रूपमा पनि लिने गरिन्छ । विषयवस्तुको प्रकृति तथा विशेषतालाई वर्गीकरण गरेर विषयगत पाठ्यक्रममा ढालेर पाठ्यक्रम निर्माण गर्ने गरिन्छ । विषयगत ज्ञान गराउनु यसको मुख्य उद्देश्य रहेको हो । यो पाठ्यक्रम विषयगत रूपमा अलग अलग प्राज्ञिकहरूद्वारा निर्माण गरिन्छ ।

### २.८.२. मुख्य पाठ्यक्रम

सबै विद्यार्थीहरूले पढ्नुपर्ने वा जान्नुपर्ने अनिवार्य विषयलाई मुख्य पाठ्यक्रम भनिन्छ । यसलाई सबै विद्यार्थीहरूले जान्नुपर्ने विषयहरूलाई अनिवार्य विषयको रूपमा लिइन्छ । जोन डिवेद्वारा प्रतिपादन भई अमेरिकाबाट सुरुवात भएको यो पाठ्यक्रम बालबालिकाहरूका समस्या समाधान गर्ने कार्यमा विद्यालयले सहयोगीको भूमिका निर्वाह गर्नुपर्छ भन्ने मान्यताका साथ सामाजिक मूल्य मान्यता, संस्कृति, सहयोग, आचरण, विज्ञान-प्रविधि आदि अनुकूल विद्यालयको पाठ्यक्रम विकास गर्नै लाने मान्यता नै मुख्य पाठ्यक्रम हो ।

### २.८.३. क्रियाकलापमुखी पाठ्यक्रम

शिक्षण सिकाइ क्रियाकलापमा सिकारुको ज्यादै महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । विभिन्न विज्ञ वा दक्ष व्यक्तिहरूबाट गहन अध्ययन र अनुसन्धानपछि गुणात्मक पाठ्यक्रम बनाएपनि सिकारुको भूमिका न्यून रहेको खण्डमा त्यो पाठ्यक्रम असफल हुन्छ । यही सिकारुको भूमिकालाई मुख्य आधार मान्ने पाठ्यक्रम नै क्रियाकलापमुखी पाठ्यक्रम हो । सिकारु वा विद्यार्थीको रुचि, चाहना, उद्देश्य अनुरूप सिकारुलाई सक्रिय बनाउँदै शिक्षक-विद्यार्थीबीच अन्तरक्रियालाई मुख्य रूपमा मान्यता दिने पाठ्यक्रम नै क्रियाकलापमुखी पाठ्यक्रम हो ।

### २.८.३. क्रियाकलापमुखी पाठ्यक्रम

विद्यालय परिवेशभित्र रहेका अप्रत्यक्ष रूपबाट औपचारिक पाठ्यक्रमबाहेक प्रस्ट थाहा नहुने वा अलिखित वा लुकेर रहेका कुराहरू जसले विद्यार्थीका सिकाइलाई प्रत्यक्ष अप्रत्यक्ष रूपबाट असर

पार्दछन्, त्यसलाई लुप्त वा शुषुप्त पाठ्यक्रम भनिन्छ । विद्यालय, वातावरण वा परिवेशभित्र प्रस्ट थाहा नहुने गरी लुकेर, ढाकिएर वा छोपिएर रहेका विभिन्न मुल्य मान्यता, संस्कार आदिलाई शुषुप्त पाठ्यक्रम भनिन्छ । यस पाठ्यक्रम अनुसार बालबालिकाले औपचारिक तथा अनौपचारिक रूपमा सिकाइ गर्दछन् । यसरी समाज, परिवेश, मूल्य-मान्यता आदिका माध्यमबाट बालबालिकाले नजानिकनै सिक्ने सबै कुराहरू शुषुप्त पाठ्यक्रम हुन् ।

## २.९ पाठ्यक्रममा प्रभाव पार्ने तत्त्वहरू

परापूर्वकालबाट नै समाज परिवर्तन हुँदै आइरहेको छ । यो समाज जसरी परिवर्तन भइरहेको छ त्यही अनुसार शिक्षा वा पाठ्यक्रम परिवर्तन हुनु जरुरी छ । विज्ञान-प्रविधि, सञ्चार जस्ता कुराहरूले अगाडि बढेको समाजको आवश्यकता अनुसार नभएको पाठ्यक्रमको कुनै अर्थ हुँदैन । पाठ्यक्रमलाई विभिन्न कुराहरूले प्रभाव पार्ने गर्दछ, जसमध्ये मुख्य रूपमा यी कुराहरू देखिन्छन् ( अधिकारी, २०६८/६९ : २६८) -

- समाज
- सिकारु वा विद्यार्थी
- ज्ञान र विषयको प्रकृति
- सिकाइ प्रक्रिया
- शिक्षाको उद्देश्य
- विद्यालय

## २.१०. भाषा र भाषापाठ्यक्रमको परिचय

### २.१०.१. भाषाको परिचय

संस्कृतको **भाष्** धातुबाट भाषा शब्दको निर्माण भएको हो । भाषा धातुको अर्थ बोल्नु वा भन्नु भन्ने हुन्छ । भाषा शब्दले बोली भन्ने अर्थ दिएको छ । यस अर्थमा जे बोलिन्छ त्यो भाषा हो । यसरी शाब्दिक रूपमा मानवीय बोलिका रूपमा भाषालाई चिनाउन सकिन्छ । खासगरी स्वर व्यञ्जन जस्ता ध्वनिहरू स्पष्ट छुट्याउन सकिने गरी मान्छेका उच्चारण अवयवद्वारा उच्चरित

आवाजलाई मात्र भाषा भनिन्छ । मानवीयउच्चारण अवयवद्वारा उच्चरित यादृच्छिक ध्वनिप्रतीकहरूको व्यवस्थालाई भाषा भन्ने गरिएको छ (न्यौपाने र अन्य, २०६७ : १) ।

टङ्कप्रसाद न्यौपाने तथा अन्यद्वारा लिखित **सामान्य भाषाविज्ञान** नामक पुस्तकमा भाषासम्बन्धी निम्न परिभाषाहरूलाई समेटिएको छ (पृष्ठ १ : २०६७)-

- व्याकरणिक वाक्य बुझ्न र प्रयोग गर्न सक्ने मातृभाषाभाषीको सहज ज्ञान नै भाषिक स्वरूप हो । -नोम चम्स्की
- भाषा ऐच्छिक किसिमले उत्पादित प्रतीकहरूद्वारा विचार, आवेग र इच्छाहरू सम्प्रेषण गर्ने प्राथमिक मानवीय र असहज प्रविधि हो ।

  -सपीर
- जुन व्यक्त ध्वनिद्वारा विचारको अभिव्यक्ति हुन्छ त्यसैलाई भाषा भनिन्छ ।

  -हेनरी स्विट

## २.१०.२. भाषापाठ्यक्रमको परिचय

भाषिक सीपहरूको प्राप्तिको उद्देश्य राखी बनाइएको शैक्षिक योजनालाई भाषापाठ्यक्रम भनिन्छ । भाषाको पाठ्यक्रम सिकारुको बोध र अभिव्यक्तिको विकासका निम्ति गर्नुपर्ने सम्पूर्ण क्रियाकलापलाई मार्गदर्शन, नियन्त्रण र निर्देशन गर्दछ । भाषापाठ्यक्रममा पनि विद्यार्थीमा ल्याउन खोजिएको परिवर्तनको प्राप्त गर्ने माध्यम वा साधन वा तिनिहरूको प्रस्तुतिक्रम, उद्देश्य प्राप्त गर्न उपयोगमा ल्याउन सकिने साधनहरू सामग्रीका सहायताले शिक्षक र विद्यार्थीले गर्ने कार्यकलाप र अपेक्षा पूरा भए नभएको वस्तुपरक रूपले लेखाजोखा गर्ने उपाय समेतलाई स्पष्ट रूपमा सुझाएको हुन्छ । अन्य विषयका पाठ्यक्रमले विषयवस्तुको ज्ञानलाई प्राप्त गर्ने ध्येय राखेको हुन्छ भने भाषापाठ्यक्रमले भाषिका सीप हासिल गर्ने कुरालाई विशेष महत्त्व दिन्छ (ढकाल, २०६४ : ४१) ।

भाषा शिक्षण सम्बन्धि व्यवस्थित एवम् नियोजित कार्यक्रमलाई नै भाषापाठ्यक्रम भनिन्छ । भाषा सिकाइका निम्ति निर्धारित उद्देश्यहरूको उपलब्धि तहसम्म पुग्नका लागि बनाइएको भाषा शिक्षण सम्बन्धि गोरेटो वा कार्यक्रम नै भाषापाठ्यक्रम हो । यसले सुनिश्चित कार्यकलाप र प्रक्रियाहरू अंगालेर विद्यार्थीहरूमा भाषा शिक्षणका अपेक्षित उद्देश्यहरू हासिल गराउन समग्र भाषा सिकाइ अनुभवहरूको दिग्दर्शन प्रस्तुत गरिएको हुन्छ । भाषा स्वयम्मा सीपमूलक विषय भएकाले

भाषापाठ्यक्रम पनि सीपमूलक प्रयोग अभ्यासमा केन्द्रित रहेको हुन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ता आधारभूत सीप र कलासँग सम्बद्ध भाषिक क्रियाकलापहरूमा आधारित गराएर तयार गरिएको भाषा शिक्षण-प्रशिक्षणको सङ्गठित स्वरूप नै भाषापाठ्यक्रम भएकोले यसको साधन पनि भाषा हुन्छ र साध्य पनि भाषा नै रहेको हुन्छ (थापा, २०६२ : १८) ।

भाषा सिकाउनको लागि तयार पारिएको भाषा सम्बन्धी गोरेटोलाई नै भाषा पाठ्यक्रम भनिन्छ  वा भाषिक सीपहरुको प्राप्तीहरुको उद्देश्य राखी बनाइएको शैक्षिक योजनालाई नै भाषा पाठ्यक्रम भनिन्छ ।

# अध्याय- तीन

# नेपाली भाषा पाठ्यक्रमको उद्देश्य, विषयवस्तुको क्षेत्र र क्रम, शिक्षण सामग्री, शिक्षण प्रक्रिया र मूल्याङ्कन प्रक्रियाको तुलनात्मक विश्लेषण

## ३.१. नेपाली भाषा पाठ्यक्रमको विकास

संसारमा धेरै भाषाहरू बोलिन्छन् । त्यसमा कैयन विकसित भाषा लोप हुँदै जादैछन् । मानव सभ्यतासँगै भाषा पनि विकसित हादै आएको देखिन्छ । भाषा पाठ्यक्रमलाई  हेर्ने हो भने यसको त्यति लामो इतिहास पाइँदैन । अझ नेपाली भाषाको झन छोटो इतिहास मात्र पाउन सकिन्छ । प्राचीन कालमा संस्कृत शिक्षा प्रमुख मानिएको थियो । त्यस समयमा राजकुल पद्धति, ऋषिकुल पद्धति र गुरुकुल पद्धति प्रचलनमा रहेका छन् तीमध्ये गुरुकुल शिक्षा प्रणाली लामो समयसम्म चलेको देखिन्छ । बौद्ध शिक्षा प्रणाली पनि प्रचलित नै रहेको देखिन्छ । बौद्ध दर्शनमा आधारित रहेर त्यस  समयमा शिक्षा दिइन्थ्यो । इस्लाम धर्मसँग सम्बन्धित शिक्षा पनि त्यस समयमा प्रचलित रहेको थियो । लिच्छविकालीन शिक्षा, मल्लकालीन शिक्षा, बाइसे तथा चौबिसे कालीन शिक्षा, एकीकरणदेखि राणाकालको शिक्षा, मध्यकालको शिक्षा हुँदै हालसम्म यो शिक्षा प्रणालीमा सुरुवाती कालखण्डमा कुनै लिखित  पाठ्यक्रम  नभएको देखिन्छ । ऋषिमुनी, गुरु तथा पुरोहितबाट ज बोलिन्छ त्यसैलाई नै पाठ्यक्रम मानेको  देखिन्छ । नेपालमा भाषासँगै शिक्षा र शिक्षासँगै पाठ्यक्रम पनि विकास भएको देखिन्छ (अधिकारी, २०६८/०६९ : ३१५) ।

वि.सं १९५८ सालमा देवसमसेरले भाषापाठशाला खोलेका थिए । देवसमसेरको शासनकालमा खुलेका भाषापाठशालाहरूमा नेपाली भाषालाई प्राथमिकता दिई नेपाली माध्यमबाट पढाइ सुरु भएको हुँदा ती भाषापाठशालालाई नेपाली भाषापाठशाला भनिएको थियो । जयपृथ्वीबहादुर सिंहद्वारा लेखिएको पुस्तक अक्षराङ्क शिक्षा प्रथम पुस्तक पनि हो । वि.सं १९९३ सालमा ३२ सदस्यीय शिक्षा समिति गठन भयो र १९९४ सालमा स्रेस्ता पाठशालाको नियमावलीका साथै प्राथमिक स्कुलको पाठ्यक्रम सर्वप्रथम प्रकाशनमा  आयो ।  स्रेस्ता पाठशालाको नियमावलीमा पाठ्यक्रम, पाठ्यपुस्तक, परीक्षाका लागि प्रश्नपत्र निर्माण शैली, परीक्षा सञ्चालन विधि, केन्द्राध्यक्षको काम, कर्तव्य र अधिकार र उत्तरपुस्तिका परीक्षण गर्ने तरिकासमेत उल्लेख गरिएको

थियो । वि.सं १९९४ मै स्रेस्ता पाठशाला र जाँचपास अड्डाको निजामति परीक्षाका लागि नेपाली भाषापाठ्यक्रम सुधार गरिएको थियो । वि.सं २००४ सालमा आधारशिक्षाको स्थापनासँगै नेपाली भाषालाई पठनपाठनको माध्यम बनाउने कुरामा जोड दिइयो । राष्ट्रमा प्रजातन्त्रको आगमनपछि शिक्षामा रहेका समस्या निराकरण गर्दै ठोस नीतिगत सुझाव दिन, राष्ट्रिय शिक्षाको लक्ष्य र उद्देश्यलाई स्पष्ट पार्दै समसामयिक सुधार गर्ने उद्देश्यले नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ को गठन भएको हो । यस आयोगले नेपाली भाषापाठ्यक्रमका सन्दर्भमा सुझाव दिएको छ । वि.सं २०१८ सालमा शिक्षामा स्तरीयता र नयाँ गति प्रदान गर्न सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति गठन भयो । त्यसले प्रा.वि. र मा.वि. दुवै तहको पाठ्यक्रममा संशोधन एवम् परिमार्जनमा सुझाव दिएको छ । ने.रा.शि.यो.आ. २०११ को सीफारिशपछि वि.सं २०१६ मा शिक्षा विभागबाट प्रकाशित पाठ्यक्रममा नेपाली भाषापाठ्यक्रम पनि समावेश गरिएको छ । नेपालका शैक्षिक जगत्मा नवीन कदम सावित गर्दै वि.सं २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धति योजना गठन भयो । नेपाली भाषापाठ्यक्रमका सम्बन्धमा यसले भाषिक सीप, उद्देश्य निर्धारण, क्षेत्र र क्रम जस्ता पक्षहरूलाई वैज्ञानिक तवरले प्रस्तुत गरेको छ । वि.सं २०३८ सालमा राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ कै निरन्तरताका रूपमा नेपाली भाषापाठ्यक्रम परिमार्जित भएको देखिन्छ (खनाल, २०६२ : २०) ।

## ३.२ प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमको ऐतिहासिक परम्परा

प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमलाई हेर्दा नेपालको शिक्षासम्बन्धी इतिहासलाई पनि हेर्नुपर्ने हुन्छ । नेपालको शिक्षासम्बन्धी इतिहासमा मुख्य गरी तीन वटा कालखण्ड रहेका छन् -

- प्राचीनकाल (वि.सं १९०३ भन्दा अगाडिको समय)
- मध्यकाल (१९०३ देखि २००७ सालसम्मको समय)
- आधुनिक काल (२००७ सालदेखि हालसम्म)

प्राचीनकालीन शिक्षामा सामाजिक मूल्य-मान्यताहरू अर्को पुस्तालाई हस्तान्तरण गर्ने, कण्ठस्थ गराउने, ऋषि आश्रममा पठनपाठन हुने, गुरुका वाणीहरू नै शिक्षा ऐन तथा पाठ्यक्रम हुने गरेको थियो । यो समयमा मुख्य रूपमा संस्कृत शिक्षा परम्परा, बौद्ध शिक्षा परम्परा, मदरसा शिक्षा परम्परा प्रचलनमा रहेका थिए । वि.सं १९०७ सालतिर जङ्गबहादुर बेलायत भ्रमणबाट फर्केपछि वि.सं १९१० असोज २७ मा अंग्रजी स्कुल स्थापना गरेका थिए । साथै दरबार स्कुल, शिक्षा विभाग,

शिक्षा निर्देशकको व्यवस्था पनि भएको थियो । वि.सं २००७ सालको प्रजातन्त्रपछि २००९ सालमा राष्ट्रिय शिक्षा बोर्ड गठन, वि.सं २०१३ मा प्राइमरी स्कुल डिभिजन स्थापना, वि.सं २०१५ सालमा नेपाली भाषाले सरकारी वैधानिक मान्यता पाउँदै वि.सं २०१६ सालदेखि सरकारी तवरबाट प्राथमिक स्कुलको पाठ्यक्रम प्रकाशित भएको देखिन्छ । वि.सं २०३८ साल भदौ ५ गते पाठ्यक्रम विकास केन्द्रको स्थापना भएपछि देशभर एउटै पाठ्यक्रम लागु भएको देखिन्छ (अधिकारी, २०६८/६९ : २३७) ।

चन्द्रसमसेरको शासनकालमा खोलिएको स्रेस्ता पाठशाला र पासजाँच अड्डा, २००४ सालमा आधार शिक्षाबाट नेपाली भाषालाई प्राथमिक तहमा एक पत्र नेपाली पढाउने व्यवस्था गरेको, नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ ले नेपाली भाषालाई विकास गर्दै लैजान जोड दिएको देखिन्छ । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समिति २०१८ ले नेपाली भाषा पाठ्यक्रमसम्बन्धी दुई वटा नयाँ सुझाव दिएको देखिन्छ भने प्राथमिक तह पाठ्यक्रम २०१६ ले नेपाली भाषा पाठ्यक्रमलाई उच्च स्थानमा राख्दै कक्षामा सिकाउने साधारण उद्देश्य, भाषिक सीप पढाइ, मौखिक अभिव्यक्ति, लेखाइ र सुनाइका कक्षागत उद्देश्यहरूको निर्धारण गरी आंशिक रूपमै भएपनि उद्देश्यहरूसँग सम्बद्ध क्रियाकलाप र शिक्षण सामग्रीहरूको उल्लेख गरिएको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धति योजना २०२८ ले प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमलाई झनै परिमार्जन परिवर्तन गरेको देखिन्छ । एवम् प्रकारले प्राथमिक तहको नेपाली भाषाको पाठ्यक्रम २०३८, २०४९ र २०६० मा परिमार्जन र परिवर्तन हुँदै गएको देखिन्छ (खनाल, २०६२ : २४) ।

## ३.३ निम्न माध्यमिक तहको नेपाली भाषाको पाठ्यक्रमको परम्परा

राणा शासनकालमै शिक्षाको सुरुवात हुन थालेको नेपालको शिक्षामा विभिन्न कालखण्ड हुँदै वि.सं. १९३२ मा धीरसमसेर डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनमा नियुक्ति भएपछि कक्षा ८ सम्म पढाइ भइरहेकोमा धीरसमसेरले कक्षा १० सम्म पढाइ हुने व्यवस्था गरेका थिए तर त्यसबेला दरबार हाइस्कुलले सम्बन्धन कलकत्ता विश्वविद्यालयबाट लिएको थियो भने कलकत्ता परीक्षा दिन जाँदा आउदाको खर्च सरकारले व्यहोर्ने व्यवस्था थियो । वि.सं. १९९६ मा मृगेन्द्रसमसेर डाइरेक्टर जनरल अफ पब्लिक इन्स्ट्रक्सनमा डाइरेक्टर भएका बखत सर्वप्रथम शिक्षाको इस्तिहार वा नियमावली लागु भएको थियो । वि.सं. २०११ सालमा नि.मा.वि. हरूको संख्या ३१६ रहेको थियो । वि.सं. २०२८ सालमा शिक्षाको सङ्गठन ३-४-३ रहेको थियो । वि.सं. २०१४ सालदेखि नेपाली

भाषामा पढाउनु पर्ने व्यवस्था सुरु भएको, वि.सं. २०२४ सालदेखि कक्षा ६-८ मा पञ्चायत विषय थप भएको, वि.सं. २०२८ साल भदौ ५ गते पाठ्यक्रम विकास केन्द्रको स्थापना भएपछि नेपाली भाषा पाठ्यक्रममा सुधार तथा परिवर्तन भई देशभर एउटै राष्ट्रिय पाठ्यक्रम लागु भएको थियो । सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत प्राथमिक तहलाई कक्षा ८ सम्म पुऱ्याउने लक्ष्य राखिएको छ । उक्त संशोधनले कक्षा १-८ लाई प्राथमिक तहको सट्टा आधारभूत शिक्षा मानी त्यस्ता १-८ का सामुदायिक विद्यालय स्वीकृति लिंदा राख्नुपर्ने धरौटी रकम लिनुपर्ने व्यवस्था हटाएको छ ( अधिकारी, २०६८/६९ : २२३) ।

शिक्षा नियमावली २०५९ मा चौथो संशोधन २०६६ भदौ १७ मा भएको थियो । उक्त संशोधनले साविकमा रहेका कक्षा १-५ मा रहेका प्राथमिक विद्यालय र कक्षा ६-८ निम्न माध्यमिक तहलाई आधारभूत शिक्षामा रूपमा लिएको छ (आधारभूत शिक्षा पाठ्यक्रम ६-८, २०६९ : iv) ।

## ३.४. प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम २०६५ अन्तर्गत नेपाली भाषा पाठ्यक्रमको सङ्क्षिप्त परिचय

प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम २०४९ लाई आवश्यक परिमार्जन गरी परीक्षणका रूपमा लागु गर्न प्राथमिक शिक्षा पाठ्यक्रम २०६० (परीक्षण) तयार गरी परीक्षण गर्दै २०६६ सालदेखि कक्षा ४ र २०६७ सालदेखि कक्षा ५ मा कार्यान्वयन भएको हो । नेपाली भाषा विषयको यस पाठ्यक्रममा विभिन्न उमेर समूहका बालबालिकालाई सिकाइप्रति उत्प्रेरित गराउन आवश्यक पर्ने ज्ञान, सीप र अभिवृत्तिगत सिकाइ उपलब्धि, शिक्षण क्रियाकलाप र मूल्याङ्कन प्रक्रियालाई विस्तारित रूपमा प्रस्तुत गरिएको छ ।

तहगत साधारण उद्देश्यअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप समावेश गरिनुका साथै क्षेत्र तथा क्रम तालिका पनि समावेश गरिएको छ । सिकाइ उपलब्धिको विस्तृतीकरण तालिका, पाठ्यभार वितरण तालिका, शिक्षण सिकाइ प्रक्रिया पनि समावेश छ । भाषिक सीप सिकाउन गरिने क्रियाकलाप तथा मूल्याङ्कनलाई पनि प्रस्ट राखेको देखिन्छ भने कार्यमूलक व्याकरण पनि समावेश छ ।

### ३.५. आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अन्तर्गत नेपाली भाषा पाठ्यक्रमको सङ्क्षिप्त परिचय

वि.सं. २०६७ असार २० को राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को निर्णयअनुसार आधारभूत शिक्षा पाठ्यक्रम २०६९ को पाठ्यक्रम संरचना परीक्षणका लागि स्विकृत भएकामा देशका १८ जिल्लाका १०० विद्यालयामा परीक्षण गरी पाठ्यक्रम तयार पार्न खोजिएको हो । राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्को २०६९ भदौ ८ को बैठकबाट स्विकृती प्राप्त नेपाल सरकारबाट २०६९ असोज १० बाट कार्यान्वयनमा लैजाने निर्णय भएअनुसार क्रमशः यो पाठ्यक्रम कक्षा ६ बाट कार्यान्वयनमा ल्याइएको हो ।

प्रस्तुत पाठ्यक्रम व्यावहारिक तथा प्रभावकारी ढङ्गले प्रस्तुत गर्ने प्रयास गरिएको छ । तहगत सक्षमता तथा कक्षागत सिकाइ उपलब्धिहरू समावेश गरिएको छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपका लागि बेग्लाबेग्लै रूपमा प्रस्तुत गरिएको छ । विधाको क्षेत्र र क्रम तालिका, विधाका पाठहरूको वितरण, सिकाइ सहजीकरण प्रक्रियामा प्रस्ट रूपमा खुलाएर राखिएको छ । निरन्तर तथा आवधिक मूल्याङ्कन पनि समावेश छ । प्रयोगात्मक मूल्याङ्कनलाई पनि अङ्क विभाजन गरिएको छ ।

### ३.६. प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम (कक्षा ४ र ५) २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ को नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन

#### ३.६.१ उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना

प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम र आधारभूत तहको नेपाली भाषा पाठ्यक्रम दुवैमा उद्देश्यहरू समावेश गरिएका छन् ।

३.६.१.१ शिक्षाका साधारण उद्देश्यका आधारमा पाठ्यक्रमको तुलना

प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम र आधारभूत तहको नेपाली भाषा पाठ्यक्रम दुवैमा साधारण उद्देश्यहरू समावेश गरिएको छ । प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम कक्षा ४ र ५ मा साधारण उद्देश्य भनेर भनिएको छ भने आधारभूत तहको नेपाली भाषा पाठ्यक्रम कक्षा ६-८ मा

कक्षागत सिकाइ भनेर समावेश गरिएको छ । प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमको साधारण उद्देश्यलाई तालिकामा यसरी देखाउन सकिन्छ-

शिक्षाका साधारण उद्देश्यहरूको सङ्ख्यात्मक स्थिति

| क्र.सं. | कक्षा | तह | पाठ्यक्रम | विषय | साधारण उद्देश्य | भाषिक सीप | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सुनाइ | बोलाइ | पढाइ | लेखाइ | |
| १ | ४ र ५ | प्रा.वि. | प्रा.वि. तह पाठ्यक्रम, २०६५ | नेपाली | १२ | ३ | ३ | ३ | ३ | १२ |

**स्रोतः** प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमका कक्षा ४ र ५, २०६५

तालिका सङ्ख्या- १

त्यसैगरी आधारभूत तहको नेपाली भाषा पाठ्यक्रम कक्षा ६-८, २०६९ मा नेपाली भाषा पाठ्यक्रमको साधारण उद्देश्यलाई तालिकामा यसरी देखाउन सकिन्छ-

आधारभूत शिक्षाका साधारण उद्देश्यहरूको संङ्ख्यात्मक स्थिति

| क्र. सं. | कक्षा | तह | पाठ्यक्रम | विषय | साधारण उद्देश्य | भाषिक सीप | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सुनाइ तथा बोलाइ | पढाइ | लेखाइ | |
| १ | ६ | आधारभूत तह ६-८ | आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ | नेपाली | २९ | ११ | ८ | १० | २९ |

**स्रोतः** आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८), २०६९

तालिका सङ्ख्या- २

आधारभूत शिक्षाका साधारण उद्देश्यहरूको संङ्ख्यात्मक स्थिति

| क्र.सं. | कक्षा | तह | पाठ्यक्रम | विषय | साधारण उद्देश्य | भाषिक सीप | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सुनाइ र बोलाइ | पढाइ | लेखाइ | |
| १ | ७ | आधारभूत तह ६-८ | आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ | नेपाली | ३२ | ११ | ८ | १३ | ३२ |

**स्रोतः** आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९

तालिका सङ्ख्या- ३

आधारभूत शिक्षाका साधारण उद्देश्यहरूको संङ्ख्यात्मक स्थिति

| क्र.सं. | कक्षा | तह | पाठ्यक्रम | विषय | साधारण उद्देश्य | भाषिक सीप | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सुनाइ र बोलाइ | पढाइ | लेखाइ | |
| १ | ८ | आधारभूत तह ६-८ | आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ | नेपाली | ३४ | १२ | ९ | १३ | ३२ |

**स्रोतः** आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९

तालिका सङ्ख्या- ४

यसरी यी माथिका तालिका बाट के प्रस्ट हुन्छ भने प्राथमिक कक्षा तहमा कक्षा ४ र ५ मा जम्मा १२ वटा साधारण उद्देश्य राखेको देखिन्छ। त्यस मध्ये भाषिक सीप अन्तर्गत सुनाइ सीपमा ३ वटा, बोलाइ सीपमा ३ वटा, पढाइ सीपमा ३ वटा र लेखाइ सीपमा ३ वटा गरेर जम्मा १२ वटा

भाषिक  सीप समावेश गरेको देखिन्छ । यसरी हेर्दा भाषिक सीपमा रहेका उद्देश्यहरूको संङ्ख्या सबै समान  रहेको देखिन्छ । कक्षा गत रूपमा कक्षा ४ भन्दा कक्षा ५ मा केही उद्देश्य थप गर्न सकिने देखिन्छ ।

त्यस्तै आधारभूत तह कक्षा  ६-८ अन्तर्गत कक्षा ६ मा २९ वटा उद्देश्य  समावेश गरिएको छ । जसमा सुनाइ तथा बोलाइ ११ वटा, पढाइ ८ वटा तथा लेखाइ १० वटा गरेर राखिएको छ । त्यस्तै कक्षा -७ मा जम्मा ३२ वटा साधारण उद्देश्य समावेश गरिएको छ । जसमा सुनाइ बोलाइ ११ वटा, पढाइ ८ वटा, लेखाइ १३ वटा गरी जम्मा ३२ वटा तय गरिएको छ । एवम् प्रकारले कक्षा ८ को नेपाली भाषा पाठ्यक्रम अन्तर्गत सुनाइ तथा बोलाइ १२ वटा, पढाइ ९ वटा र लेखाइ  सीप १३  वटा गरेर जम्मा ३४ वटा भाषिक सीपहरू समावेश गरिएको छ । यसरी हेर्दा कक्षा- ६ मा २९ वटा, कक्षा-७ मा ३२ वटा र कक्षा- ८ मा ३४ वटा उद्देश्यहरू समावेश  गरेको पाइन्छ ।

प्राथमिक तह कक्षा ४र ५ को नेपाली भाषा पाठ्यक्रम अन्तर्गत १२ वटा साधारण उद्देश्यहरू राखिएको छ भने त्ससको तुलनामा आधारभूत तह  कक्षा ६-८ प्राथमिक तहमा भन्दा आधारभूत तहमा बढी राखेको देखिन्छ । विद्यार्थीहरूको स्तर क्षमता सुहाउँदो नै रहेको पाउन सकिन्छ । प्राथमिक तह कक्षा ४र ५मा भाषिक सीपहरू (सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ) समान राखेको देखिन्छ । आधारभूत तह कक्षा ६-८ मा सुनाइ बोलाइ भन्दा पढाइ लेखाइलाई बढी प्राथमिकता दिएको छ । प्राथमिक तह कक्षा ४ र ५मा सुनाइ, बोलाइ सीपहरु लाई बेग्ला बेग्लै राखेको छ भने आधारभूत तहमा सुनाइ र बोलाइ  सीपलाई एकै ठाउँमा राखेको देखिन्छ ।

### ३.६.२ भाषिक सीपगत आधारमा पाठ्यक्रमको तुलना

प्राथमिक तह पाठ्यक्रम कक्षा ४र ५, २०६५ अन्तर्गत नेपाली भाषा पाठ्यक्रममा सुनाइ, बोलाइ, पढाइ तथा लेखाइ मा ३/३ वटा  उद्देश्यहरू समान रूपले राखेको छ । आधारभूत तहमा भने सुनाइ, बोलाइलाई एकै ठाउँमा राखेको छ । सङ्ख्यात्मक रूपमा प्राथमिक तहभन्दा आधारभूत तहमा बढी राखेको छ । आधारभूत तहमा कक्षा ६, ७ र ८ मा क्रमशः  सुनाइ बोलाइ ११, ११ र १२, पढाइमा क्रमशः ८, ८ र ९ र लेखाइमा क्रमशः १०, १३, १३ गरेर राखेको छ । दुवै तहका भाषिक  सीपमा शारीरिक रूपमा बोल्न नसक्ने त्यसैगरी शारीरिक रूपमा लेख्न, पढ्न नसक्ने विद्यार्थीको लागि पाठ्यक्रमले सम्बोधन गर्न   सकेको छैन ।

### ३.६.३ विधाको क्षेत्रका आधारमा पाठ्यक्रमको तुलना

प्राथमिक तह कक्षा ४र ५, २०६४ तथा आधारभूत तह कक्षा ६, ७ र ८ २०६९ मा समावेश भएका विधाहरू वा विषयक्षेत्रलाई  निम्नबमोजिम तालिकामा यसरी हेर्न सकिन्छ-

प्राथमिक तह कक्षा ४र ५ मा समावेश भएका विधाहरू वा विषयक्षेत्र

| विधा | कक्षा | | कैफियत |
|---|---|---|---|
| | कक्षा - ४ | कक्षा-५ | |
| कथा | √ | √ | |
| कविता | √ | √ | |
| प्रबन्ध वा निबन्ध | √ | √ | |
| संबाद | √ | √ | |
| चिठी | √ | √ | |
| निवेदन | √ | √ | |

**स्रोतः** प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमका कक्षा ४ र ५, २०६५

तालिका सङ्ख्या- ५

आधारभूत तह कक्षा ६, ७ र ८ २०६९ मा समावेश भएका विधाहरू वा विषयक्षेत्र

| विधा | कक्षा | | | कैफियत |
|---|---|---|---|---|
| | कक्षा - ६ | कक्षा-७ | कक्षा-८ | |
| कथा | √ | √ | √ | |
| कविता | √ | √ | √ | |
| प्रबन्ध वा निबन्ध | √ | √ | √ | |
| रुपक | √ | √ | √ | |

| | | | | |
|---|---|---|---|---|
| चिठी | √ | √ | √ | |
| जीवनी | √ | √ | √ | |

**स्रोतः** आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९

तालिका सङ्ख्या-६

उपर्युक्त तालिकाअनुसार प्राथमिक तह र आधारभूत तहमा कथा, कविता, चिठी, व्याकरण, संवाद, प्रबन्ध, निवेदन आदि विधाहरू समावेश गरिएको देखिन्छ । यिनमा पाइने समानता र असमानतालाई निम्नानुसार सूचीबद्ध गर्न सकिन्छ-

**समानताहरू**

- प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमका कक्षा ४र ५ ,२०६५ मा कथा विधालाई समेटिएको छ भने आधारभूत तह कक्षा ६-८ मा पनि समावेश गरेको छ ।
- प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमका कक्षा ४ र ५, २०६५ मा कविता विधालाई समेटिएको छ भने आधारभूत तह कक्षा ६-८ मा पनि समावेश गरेको छ ।
- प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमका कक्षा ४ र ५, २०६५ मा चिठी विधालाई समेटिएको छ भने आधारभूत तह कक्षा ६-८ मा पनि समावेश गरेको छ ।
- प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमका कक्षा ४ र ५, २०६५ मा प्रबन्ध वा निबन्ध विधालाई समेटिएको छ भने आधारभूत तह कक्षा ६-८ मा पनि समावेश गरेको छ ।

**असमानताहरू**

- प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमका कक्षा ४ र ५, २०६५ मा जीवनी विधालाई समेटिएको छैन भने आधारभूत तह कक्षा ६-८, २०६९ नेपाली भाषा पाठ्यक्रममा जीवनी विधालाई समेटेको छ ।
- प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमका कक्षा ४ र ५, २०६५ मा एकाङ्की विधालाई समेटिएको छैन भने आधारभूत तह कक्षा ६-८, २०६९ नेपाली भाषा पाठ्यक्रममा एकाङ्की विधालाई समेटेको छ ।

- प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमका कक्षा ४ र ५, २०६५ मा वादविवाद विधालाई समेटिएको छैन भने भाषा आधारभूत तह कक्षा ६-८, २०६९ नेपाली भाषा पाठ्यक्रममा वादविवाद विधालाई समेटेको छ ।
- प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमका कक्षा ४ र ५, २०६५ अन्तर्गत चेतनामूलक, सन्देशमूलक विधाहरू बढी राखेको देखिन्छ ।
- प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमका कक्षा ४ र ५, २०६५ भन्दा आधारभूत तह कक्षा ६-८, २०६९ नेपाली भाषा पाठ्यक्रममा चेतना स्तर अलिक बढी भएका सिकारुलाई ध्यान दिइएको छ ।

निम्नलिखित विधामा कक्षागत रूपमा पाठहरूको वितरण गरिएको छ यसलाई तालिकामा यसरी प्रस्तुत गरिएको छ-

| क.सं. | विधा | विधा सङ्ख्या | | कै. |
|---|---|---|---|---|
| | | कक्षा-४ | कक्षा-५ | |
| १ | कथा | ६ | ६ | |
| २ | कविता | ५ | ५ | |
| ३ | प्रबन्ध वा निबन्ध | ६ | ७ | |
| ४ | रूपक | २ | २ | |
| ५ | जीवनी | - | - | |
| ६ | चिठी | २ | २ | |
| | जम्मा | २१ | २२ | |

स्रोत : नेपाली पुस्तक, कक्षा-४ र ५, २०६९

तालिका सङ्ख्या- ७

| क.सं. | विधा | पाठ सङ्ख्या |
|---|---|---|

| | | कक्षा-६ | कक्षा-७ | कक्षा-८ |
|---|---|---|---|---|
| १ | कथा | ६ | ६ | ६ |
| २ | कविता | ३ | ४ | ४ |
| ३ | प्रबन्ध वा निबन्ध | ४ | ४ | ४ |
| ४ | रूपक | २ | २ | २ |
| ५ | जीवनी | ३ | ३ | ४ |
| ६ | चिठी | २ | २ | २ |
| | जम्मा | २० | २१ | २२ |

**स्रोतः** आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९

तालिका सङ्ख्या- ८

प्राथमिक पाठ्यक्रम २०६५ मा कक्षा ४ र ५ को नेपाली भाषा पाठ्यक्रम विधाका पाठ्यक्रमलाई पृष्ठ नखुलाइ सिकाइ उपलब्धिको विस्तृतीकरण भनेर तालिकामा प्रस्तुत गरेको देखिन्छ भने आधारभूत तहको नेपाली भाषा पाठ्यक्रममा विधाका पाठहरूको वितरण साथै सोही विधाको आधारमा सिकाइ सहजीकरण प्रक्रिया भनेर विभिन्न विधालाई छुट्टा-छुट्टै रूपमा राखेर उक्त विधाको लागि गराउनुपर्ने क्रियाकलापलाई समेत प्रस्ट पार्न खोजिएको छ ।

प्राथमिक तहमा कक्षाहरूलाई हेर्दा धार्मिक आस्थासँग निकट कथाहरूलाई पनि स्थान दिएको पाइन्छ । कक्षा ४ र ५ का कथा लगभग उही प्रवृत्तिका कथाहरू राखिएको देखिन्छ भने आधारभूत तहमा पनि लोककथा, नीतिगत, पौराणिक, ऐतिहासिक कथाहरू समेटेको छ । आधारभूत तहमा कवितामा छन्दोबद्ध, लोक, गीति, र मुक्तक कविता समावेश गरेको, प्रबन्धमा सामाजिक, सांस्कृतिक, प्राकृतिक तथा वातावणीय, कलात्मक, वैज्ञानिक प्राविधिक जस्ता विषय क्षेत्रबाट प्रबन्ध वा निबन्ध संयोजन गरेको छ । जीवनीअर्न्तगत साहित्यकार, कलाकार, आविष्कारक, प्रेरक व्यक्तित्व विचारकका राष्ट्रिय र अन्तर्राष्ट्रिय जीवनी समेटेका छन् । कार्यमूलक व्याकरणलाई पनि समेटेको छ ।

### ३.६.४ अङ्कभार तथा पाठ्यभारका आधारमा पाठ्यक्रमको तुलना

प्राथमिक पाठ्यक्रम कक्षा -४ र ५, २०६५ र आधारभूत तह कक्षा ६-८ को पाठ्यक्रमले निर्धारण गरेको अङ्कभार तथा पाठ्यभारलाई यसरी हेर्न सकिन्छ-

प्राथमिक पाठ्यक्रम कक्षा -४ र ५, २०६५ पाठ्यक्रमले निर्धारण गरेको अङ्कभार तथा पाठ्यभार

| क्र. सं. | विषय | कक्षा -४ र ५ | |
|---|---|---|---|
| | | साप्ताहिक पाठ्यभार | पूर्णाङ्क |
| १ | नेपाली | ८ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ६ | ७५ |
| ४ | सामाजिक अध्ययन | ५ | ७५ |
| ५ | सिर्जनात्क कला | ३ | २५ |
| ६ | विज्ञान तथा वातावरण | ४ | ५० |
| ७ | स्वास्थ्य तथा शारीरिक | ४ | ५० |
| ८ | स्थानीय विषय वा मातृभाषा | ४ | १०० |
| | जम्मा | ३९ | ६०० |

स्रोतः प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५

तालिका सङ्ख्या- ९

आधारभूत तह कक्षा ६-८ को पाठ्यक्रमले निर्धारण गरेको अङ्कभार तथा पाठ्यभार

| क्र. सं. | विषय | कक्षा -६ र ८ | |
|---|---|---|---|
| | | साप्ताहिक पाठ्यभार | पूर्णाङ्क |
| १ | नेपाली | ५ | १०० |
| २ | अङ्ग्रेजी | ५ | १०० |
| ३ | गणित | ५ | १०० |
| ४ | सामाजिक अध्ययन तथा जनसङ्ख्या शिक्षा | ५ | १०० |
| ५ | विज्ञान तथा वातावरण | ५ | १०० |
| ६ | स्वास्थ्य तथा शारीरिक | ३ | ५० |
| ७ | नैतिक शिक्षा | २ | ५० |
| ८ | पेसा व्यवसाय तथा प्रविधि  शिक्षा | ५ | १०० |
| ९ | मातृभाषा वा स्थानीय विषय वा संस्कृत वा अन्य | ५ | १०० |
| | जम्मा | ४० | ८०० |

स्रोत आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९

तालिका सङ्ख्या- १०

प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमले वार्षिक पाठ्यभार निम्नानुसारको राखेको छ-

| क.सं. | भाषिक सीप | कक्षा-४ | | कक्षा-५ | |
|---|---|---|---|---|---|
| | | पाठ्यभार | अङ्कभार | पाठ्यभार | अङ्कभार |
| १ | सुनाइ | ३८ | १५ | ३८ | १५ |
| २ | बोलाइ (उच्चारणसमेत) | ५१ | २० | ३८ | १५ |
| ३ | पढाइ (शब्दभण्डार समेत) | ७७ | ३० | ७७ | ३० |
| ४ | लेखाइ (हिज्जे र चिन्ह) प्रयोगसमेत ) | ७७ | ३० | ७७ | ३० |
| ५ | कार्यमूलक व्याकरण (पदसङ्गति मात्र ) | १३ | ५ | १३ | ५ |
| | | २५६ | १०० | २५६ | १०० |

स्रोतः प्राथमिक शिक्षा पाठ्यक्रम २०६५

तालिका सङ्ख्या ११

आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ अन्तर्गत नेपाली भाषा पाठ्यक्रमले वार्षिक रूपमा नेपाली भाषाको पाठ्यभार र पूर्णाङ्कलाई यसरी विभाजन गरेको छ-

| क.सं. | कक्षा-६ | | कक्षा-७ | | कक्षा-८ | |
|---|---|---|---|---|---|---|
| | वार्षिक पाठ्यभार | पूर्णाङ्क | वार्षिक पाठ्यभार | पूर्णाङ्क | वार्षिक पाठ्यभार | पूर्णाङ्क |
| १. | १७५ | ७५ | १७५ | ७५ | १७५ | ७५ |
| जम्मा | १७५ | ७५ | १७५ | ७५ | १७५ | ७५ |

स्रोतः आधारभूत शिक्षा पाठ्यक्रम कक्षा- ६-८, २०६९

तालिका सङ्ख्या १२

आधारभूत शिक्षा पाठ्यक्रम कक्षा- ६-८, २०६९ ले नेपाली भाषालाई २५ प्रतिशत छुट्याएको छ भने प्रयोगात्मक परीक्षालाई समेत अङ्क विभाजन गरेको छ । आधारभूत शिक्षा पाठ्यक्रम कक्षा- ६-८, २०६९ ले नेपाली भाषालाई प्रतिहप्ता पाठ्यभार ५ छुट्याएको छ ।

यसरी प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रमका कक्षा ४ र ५, २०६५ तथा आधारभूत तह कक्षा-६-८, २०६९ नेपाली भाषा पाठ्यक्रममामा समावेश गरेको पूर्णाङ्क, पाठ्यभार तथा अङ्कभारलाई तुलना गर्दा निम्न समानता र असमानताहरू पाइयो-

**समानताहरू**

- दुवै तहमा नेपाली भाषा वा नेपाली पिषयलाई अनिवार्य विषयको रूपमा राखेको ,
- दुवै तहमा नेपाली भाषा वा नेपाली विषयको पूर्णाङ्क समेत अनिवार्य रूपमा राखेको,
- दुवै तहमा नेपाली भाषा वा नेपाली विषयलाई अनिवार्य रूपमा पाठ्यभार पनि छुट्याएर राखेको,
- दुवै तहमा नेपाली भाषा वा नेपाली विषयलाई अनिवार्य पुर्णाङ्क पनि निर्धारण गरी राखेको,
- दुवै तहमा नेपाली भाषा वा नेपाली विषयको पूर्णाङ्क १०० तय गरेको,

**असमानताहरू**

- प्राथमिक तहमा नेपाली विषयलाई बढी प्राथमिकता दिएको,
- आधारभूत तहमा प्राथमिक तहभन्दा कम प्राथमिकता दिएको,
- प्राथमिक तहमा नेपाली विषयको पाठ्यभार ८ राखेको,
- आधारभूत तह कक्षा ६-८ मा नेपाली भाषा विषयको पाठ्यभार ५ राखेको,
- आधारभूत तह कक्षा ६-८ मा नेपाली भाषा विषयको प्रयोगात्मक परीक्षालाई पनि पूर्णाङ्क राखेको ।

यसरी प्राथमिक तहमा विद्यार्थीलाई भाषिक सीपको बढी विकास गर्नको लागि जोड दिएको देखिन्छ । प्राथमिक तहमा साप्ताहिक पाठ्यभार पनि बढि नै राखेको देखिन्छ । प्राथमिक तहको

तुलनामा आधारभूत तहमा साप्ताहिक पाठ्यभार पनि कम राखेको देखिन्छ । नेपाली भाषा पाठ्यक्रमको पूर्णाङ्क भने दुवै तहमा समान रहेको देखिन्छ ।

### ३.६.५ शिक्षण सामग्रीका आधारमा पाठ्यक्रमको तुलना

यस शीर्षकमा मुख्यतः शिक्षण सामग्रीलाई आधार बनाएर प्राथमिक तहको पाठ्यक्रम कक्षा ४ र ५, २०६५ को र आधारभूत तह (कक्षा ६-८) २०६९ मा नेपाली भाषाअन्तर्गत शिक्षण साम्रगीका आधारमा पाठ्यक्रमको तुलना गरिएको छ ।

शिक्षण कार्यमा शिक्षण सामग्री ज्यादै महत्त्वपूर्ण साधन वा वस्तु हुन् । शिक्षण सामग्रीबिनाको शिक्षण प्रभावकारी तथा अपेक्षाकृत सफल पनि बन्न सक्दैन । उद्देश्य प्राप्तिका लागि ज्यादै उपयोगी हतियारको रूपमा रहेको शैक्षिक सामग्रीलाई प्राथमिक तहको पाठ्यक्रम, कक्षा ४ र ५, २०६५ मा शिक्षण सामग्री भनेर कुनै पनि शीर्षक समावेश गरेको छैन । त्यस्तै आधारभूत तहको पाठ्यक्रममा पनि प्रस्ट खुलाएर समावेश गरेको पाइँदैन ।

समयसँगै सूचना प्रविधि तथा सञ्चारले दिनदिनै फड्को मारिरहेको बखत हामीले पनि ज्ञानको भण्डार तीब्र रूपमा अगाडि बडाउँदै लानुपर्ने ज्यादै जरुरी देखिन्छ । आज भएका सूचना प्रविधिहरूको फाइदा लिदै हरेक व्यक्ति तथा संस्थाहरू समयसँगै चल्दै जानुपर्ने यो बाध्यतामा आज पनि नेपाली भाषा पाठ्यक्रममा यो कुराले छुन नसक्नु र पाठ्यक्रमले पनि त्यस्ता कुराहरूलाई सम्बोधन गर्न नसक्नु र त्यही पुरानै चक, डस्टर, कालोपाटी, किताबलाई मात्र शैक्षिक सामग्री मान्ने परिपाटी पूर्णरूपमा त्यागन सक्नै पर्छ । पाठ्यक्रममा समेत प्रस्ट रूपमा शैक्षिक सामग्री वा नेपाली भाषा शिक्षणमा समावेश गर्न सक्ने सम्भावित शैक्षिक सामग्रीहरू राखिनुपर्छ । ती सम्भावित सामग्रीहरू निम्न हुन सक्छन् -

- दृश्य सामग्री- गोजी तालिका, पत्ती, तस्बिर, प्रोजेक्टर, स्लाइड सो आदि
- श्रब्य सामग्री- रेडियो, टेलिफोन, टेप रेकर्डर, ग्रामोफोन, टेप आदि
- श्रब्य दृश्य सामग्री- चलचित्र, ल्यापटप, भिडियो, प्रोजेक्टर, टेलिफोन आदि

### ३.६.६ शिक्षण प्रक्रिया वा विधिका आधारमा पाठ्यक्रमको तुलना

यस शीर्षकमा प्राथमिक तहको पाठ्यक्रम कक्षा-४ र ५, २०६५ को र आधारभूत तह (कक्षा ६-८) २०६९ मा नेपाली भाषाअन्तर्गत शिक्षण प्रक्रिया वा विधिका आधारमा पाठ्यक्रमको तुलना गरिएको छ ।

प्राथमिक तहको भाषा शिक्षण सिकाइ प्रक्रियामा प्रशस्त अभ्यासको आवश्यकता पर्ने भएकाले यस तहमा सुनाइ र बोलाइका लागि कुराकानी, छलफल, प्रश्नोत्तर, अभिनय तथा भूमिका निर्वाह, खेल, खोज तथा विद्यार्थीकेन्द्रित शिक्षण विधिहरूको उपयोग गरिनेछ भनेर प्राथमिक तहको पाठ्यक्रम २०६५ मा शिक्षण सिकाइ प्रक्रियाको शीर्षकमा प्रस्ट पारेको छ । साथै पढाइ तथा लेखाइ सीपको विकासका लागि आवश्यकता अनुसारका पढाइ र लेखाइसँग सम्बन्धित कार्यकलाप गराइनेछ भनेर प्रस्तुत गरेको देखिन्छ । त्यस्तै सोही पाठ्यक्रमले सुनाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू भनेर जम्मा ११ वटा बुँदा प्रस्तुत गरेको छ भने क्रमशः बोलाइ शिक्षणमा ९ वटा, पढाइ शिक्षणमा ११ बुँदा र लेखाइ शिक्षणमा १२ वटा बुँदाहरू प्रस्तुत गरेको छ ।

आधारभूत तह (कक्षा ६-८) २०६९ मा नेपाली भाषा पाठ्यक्रम अर्न्तगत सिकाइ सहजीकरण प्रक्रिया शीर्षक राखेर शिक्षण विधिका बारेमा प्रस्ट पारेको छ । यस तहको पाठ्यक्रममा कथा विधामा गरिने क्रियाकलाप बेग्लै-बेग्लै शीर्षक राखेर त्यसमा अपनाइने शिक्षण क्रियाकलाप वा प्रक्रियालाई प्रस्ट रूपमा उल्लेख गरिएको छ । साथै कार्यमूलक व्याकरण, व्यावहारिक लेखन तथा शब्दोच्चारण र शब्द भण्डारमा अपनाइने शिक्षण प्रक्रिया वा विधिका रूपमा पनि खुलस्त पारेको छ ।

यी दुई पाठ्यक्रम प्राथमिक तहको पाठ्यक्रम २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ को नेपाली भाषा पाठ्यक्रमलाई शिक्षण प्रक्रिया वा विधिका आधारमा तुलना गर्दा निम्न कुराहरू पाइयो-

**समानताहरू**

- प्राथमिक तहको पाठ्यक्रम कक्षा ४ र ५, २०६५ मा नेपाली भाषा पाठ्यक्रममा शिक्षण प्रक्रियालाई सम्बोधन गरेको र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ मा पनि नेपाली भाषा पाठ्यक्रममा शिक्षण प्रक्रियालाई सम्बोधन गरेको ,

- प्राथमिक तहको पाठ्यक्रम कक्षा ४ र ५, २०६५ मा नेपाली भाषा पाठ्यक्रममा आगमन तथा निगमन विधि अपनाउने वातावरण सिर्जना गरेको र आधारभूत शिक्षा पाठ्यक्रम, कक्षा ६-८, २०६९ मा पनि आगमन तथा निगमन विधि अपनाउने वातावरण सिर्जना गरेको,
- प्राथमिक तहको पाठ्यक्रम कक्षा ४र ५, २०६५ मा नेपाली भाषा पाठ्यक्रममा विद्यार्थीकेन्द्रित शिक्षण प्रक्रियालाई सम्बोधन गरेको र आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ मा पनि विद्यार्थी केन्द्रित शिक्षण प्रक्रियालाई  सम्बोधन गरेको ।

**असमानताहरू**

- प्राथमिक तहको पाठ्यक्रम कक्षा ४ र ५, २०६५ मा नेपाली भाषा पाठ्यक्रममा भाषिक  सीपहरू सुनाइ, बोलाइ, पढाइ तथा लेखाइका भिन्न-भिन्नै शिक्षण प्रक्रियालाई  समावेश  गरेको छ भने आधारभूत तहमा विधाका आधारमा शिक्षण प्रक्रियालाई समावेश गरेको छैन ।
- प्राथमिक तहको पाठ्यक्रम कक्षा ४ र ५, २०६५ मा नेपाली भाषा पाठ्यक्रममा शिक्षण सिकाइ प्रक्रिया भनेर नामकरण गरेको छ भने आधारभूत शिक्षा पाठ्यक्रम ( कक्षा ६-८) २०६९ को नेपाली भाषा पाठ्यक्रममा सिकाइ सहजीकरण प्रक्रिया भनेर नामकरण गरेको छ ।
- प्राथमिक तहको पाठ्यक्रम कक्षा ४ र ५, २०६५ मा नेपाली भाषा पाठ्यक्रममा व्याकरणलाई भिन्नै शीर्षक राखेर उल्लेख गरेको छैन भने आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ को नेपाली भाषा पाठ्यक्रममा कार्यमूलक व्याकरण, व्यवहारिक लेखन, शब्दोच्चारण र शब्द भण्डार जस्ता कुराहरूलाई गराउने शिक्षण सिकाइ प्रक्रिया समेत भिन्न-भिन्न रूपमा  राखेर उल्लेख गरेको छ ।

दुवै पाठ्यक्रमले विविध शिक्षण प्रक्रियालाई समेटे पनि दुवै पाठ्यक्रमले शारीरिक रूपमा अपाङ्गता वा मानसिक रूपमा अन्य सामान्य सिकारुभन्दा पछि परेकाहरूको लागि सम्बोधन गर्न सकेको छैन । अनेकन भाषा, संस्कृति भएका सिकारुहरूको सबालमा पनि सम्बोधन हुनु पर्ने देखिन्छ ।

### ३.६.७. मूल्याङ्कन प्रक्रियाका आधारमा पाठ्यक्रमको तुलना

प्राथमिक तहको पाठ्यक्रम कक्षा ४ र ५, २०६५ मा नेपाली भाषा पाठ्यक्रमअर्न्तगत नेपाली भाषा शिक्षणको मूल्याङ्कनका लागि भाषिक सीपका आधारमा मूल्याङ्कन गर्ने कुरालाई समावेश गरेको छ। सुनाइ, बोलाइ, पढाइ तथा लेखाइलाई बेग्ला-बेग्लै रूपमा समावेश गरेको छ। ती भाषिक सीपहरूको मूल्याङ्कन गर्ने विधाहरू निम्न रहेका छन्-

| क.सं. | भाषिक सीप | मूल्याङ्कनको लागि तोकेको तरिकाको परिणाम | कैफियत |
|---|---|---|---|
| १ | सुनाइ | ८ | |
| २ | बोलाइ | ९ | |
| ३ | पढाइ | ६ | |
| ४ | लेखाइ | १० | |
| | जम्मा | ३३ | |

स्रोतः प्राथमिक शिक्षा पाठ्यक्रम २०६५

तालिका सङ्ख्या १३

साथै कार्यमूलक व्याकरणअर्न्तगत भने कक्षा अनुसारको बोलाइ र लेखाइका क्रियाकलाप अवलोकन गर्ने भनेर प्रस्ट पारेको छ।

प्राथमिक तहको पाठ्यक्रम कक्षा ४ र ५, २०६५ ले कक्षा ४ र ५ मा ५० प्रतिशत निर्णयात्मक (वार्षिक परीक्षा) मूल्याङ्कन पद्धतिबाट र ५० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कनबाट विद्यार्थीको लेखाजोखा गरिनेछ। निरन्तर विद्यार्थी मूल्याङ्कन तथा निर्णयात्मक मूल्याङ्कनबाट विद्यार्थीलाई कक्षोन्नति गरिनेछ। लिखित मूल्याङ्कनको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ र भिन्नै उत्तीर्ण हुनु पर्नेछ भनेर स्पष्ट उल्लेख गरेको छ। साथै सिकाइ उपलब्धिको विस्तृतीकरणमा समेत सम्भावित मूल्याङ्कन प्रक्रिया भनेर मूल्याङ्कनलाई अझ सहज पार्न खोजिएको छ।

आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ मा दुई किसिमका मूल्याङ्कन निर्णयात्मक मूल्याङ्कन र निरन्तर मूल्याङ्कन हुने कुरा अघि सारेको छ । निरन्तर मूल्याङ्कनअन्तर्गत कक्षा सहभागीता, परियोजना कार्य, उपलब्धि कार्य, सिकाइ र व्यवहारमा भएको परिवर्तन र सिर्जनात्मक कार्यको आधारमा मूल्याङ्कन गर्नु पर्ने वा ती कार्यहरूको आवश्यकता अनुसार उपयोग गर्नु पर्नेछ भनेर  स्पष्ट पारेको छ । सुनाइ, बोलाइ, पढाइ जस्ता सीपको मापन गर्ने र अपाङ्गता भएका विशेष सिकाइ आवश्यकताा भएका बालबालिकालाई पनि उपयक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्ने छ भनेको छ भने यसै तहमा कक्षा ६ र ७ मा  ४० प्रतिशत निरन्तर मूल्याङ्कन र ६० प्रतिशत आवधिक मूल्याङ्कन गर्नु पर्ने छ भनेर प्रस्ट्याइएको छ । कक्षा ६, ७ र ८ मा सुनाइ तथा बोलाइ सीपको लागि २५ प्रतिशत प्रयोगात्मक मूल्याङ्कन गर्नु पर्ने कुरा खुलाएको छ । कक्षा ८ को वार्षिक परीक्षा निर्णयात्मक मूल्याङ्कनबाट हुनेछ तर सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया अपनाउनु पर्नेछ । आवधिक मूल्याङ्कनका लागि संलग्न विशिष्टीकरण तालिकाको उपयोग गर्नुपर्ने छ । सुनाइ, बोलाइ, पढाइ र लेखाइ परीक्षाको उत्तीर्णाङ्क ४० प्रतिशत हुनेछ भनेर मूल्याङ्कन प्रक्रियामा उल्लेख गरिएको छ ।

प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४र ५, २०६५ को नेपाली भाषा पाठ्यक्रमा सुनाइ, बोलाइ, पढाइ र लेखाइ जस्ताकुराहरू समावेश गरेर निम्न किसिमको पाठ्यभार वितरण गरिएको छ-

| क.सं. | भाषिक सीप | कक्षा-४ | कक्षा-५ |
|---|---|---|---|
| | | अङ्कभार (प्रतिशतमा) | अङ्कभार (प्रतिशतमा) |
| १ | सुनाइ | १५ | १५ |
| २ | बोलाइ | २० | १५ |
| ३ | पढाइ | ३० | ३० |
| ४ | लेखाइ | ३० | ३५ |
| ५ | कार्यमूलक व्याकरण | ५ | ५ |
| | जम्मा | १०० | १०० |

स्रोतः प्राथमिक शिक्षा पाठ्यक्रम, २०६५

तालिका सङ्ख्या- १४

त्यस्तै आधारभूत शिक्षा पाठ्यक्रम (कक्षा ६-८) २०६९ ले मूल्याङ्कनको लागि निम्न अनुसारको अङ्कभार छुट्याएको छ-

| क.सं. | क्षेत्र | अङ्कभार |
|---|---|---|
| १ | शब्दभण्डार | १० |
| २ | वर्णविन्यास | ४ |
| ३ | व्याकरण | १५ |
| ४ | बोध | ५ |
| ५ | बुँदा टिपोट र सारांश | २ + ३ |
| ६ | निर्देशित रचना | ४ |
| ७ | भाव विस्तार र व्याख्या | ४ |
| ८ | पाठगत प्रश्नोत्तर | १२ |
| ९ | विवेचना | ८ |
| १० | स्वतन्त्र रचना | ८ |
| | जम्मा | ७५ |

स्रोत:आधारभूत शिक्षा पाठ्यक्रम कक्षा- ६-८, २०६९

तालिका सङ्ख्या- १

**समानताहरू**

- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८ , २०६९ दुवै पाठ्यक्रममा मूल्याङ्कनको बारेमा उल्लेख गरेका,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रममा निरन्तर मूल्याङ्कनलाई अनिवार्य गरेको,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा- ६-८, २०६९ दुवै पाठ्यक्रममा निर्माणात्मक र निरन्तरतालाई राखेको,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रममा भाषिक सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइलाई प्रमुख मानेर मूल्याङ्कन गर्नु पर्ने कुरा व्यक्त गरेको,

- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रममा उत्तीर्णाङ्क ४० प्रतिशत राखेको,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रममा आवधिक तथा लिखित परीक्षालाई महत्त्व दिइएको

**असमानताहरू**

- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ ले कक्षा ४ र ५ मा निरन्तर मूल्याङ्कनलाई ५० प्रतिशत मानेको छ भने आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८ ले कक्षा ६-८ मा ४० प्रतिशत मानेको,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ ले कक्षा ४ र ५ मा आवधिक मूल्याङ्कनलाई ५० प्रतिशत मानेको छ भने आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ ले कक्षा ६-८ मा ६० प्रतिशत मानेको,
- आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ ले कक्षा ६-८ मा नेपाली भाषाको लागि लिखित परीक्षाको १०० पूर्णाङ्कको लागि ३ घण्टा समय निर्धारण गरेको छ भने प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ यो विषयमा मौन रहेको ,
- आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ ले कक्षा ६-८ मा नेपाली भाषाको लागि प्रयोगात्मकको लागि समेत व्यवस्था गरेको छ भने प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ यो कुरा उल्लेख नभएको

# अध्याय- चार

# निष्कर्ष र सुझाव

## ४.१ निष्कर्ष

प्रस्तुत प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ अन्तर्गत नेपाली भाषा पाठ्यक्रमको तुलनात्मक अध्ययन गर्दा निम्न लिखित निष्कर्ष निकालिएको छ-

### ४.१.१ सबल पक्षहरू

- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९मा तहगत उद्देश्य, साधारण उद्देश्य, कक्षागत सिकाइ उपलब्धिहरू भनेर समावेश गरिएको हुनु ,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रममा भाषिक सीप सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपसँग सम्बन्धित उद्देश्यहरू राखिएको पाइनु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रममा क्षेत्र तथा क्रम तालिका राखिएको देखिनु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कन समावेश गरिनु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रममा अङ्कभार प्रस्ट विभाजन गरेको हुनु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रममा पाठ्यभार प्रस्ट विभाजन गरेको हुनु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रममा व्याकरण तथा कार्यमूलक व्याकरण समावेश गरेको,

- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रममा विषयवस्तुको छनोट र क्षेत्र तोक्दा बालबालिकाको उमेर तथा रुचिलाई ख्याल गरेको,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रममा प्रस्तुत गरिएका विषयवस्तुहरू भाषिक सपको विकास गर्ने अभ्यास कार्यकलापसँग सम्बन्धित भएका,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ अन्तर्गत नेपाली भाषा पाठ्यक्रममा सिकाइ उपलब्धिको विस्तृतीकरण तालिका राखिनु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ अन्तर्गत नेपाली भाषा पाठ्यक्रममा शिक्षण सिकाइ प्रक्रियाको बारेमा प्रस्ट पारेको,
- नेपाली भाषा पाठ्यक्रमअन्तर्गत आधारभूत तह कक्षा ६-८ मा भन्दा प्राथमिक तह कक्षा ४ र ५ मा ज्यादा पाठ्यभार दिएका,
- आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ को नेपाली भाषा पाठ्यक्रमअन्तर्गत स्पष्टीकरण भनेर कुन विधामा के कस्ताकुराहरू पाठ्यपुस्तकमा राख्ने प्रष्ट खुलाएको,
- आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ को नेपाली भाषा पाठ्यक्रमअन्तर्गत भाषिक मूल्याङ्कनका क्रममा अन्य सामान्य व्यक्तिभन्दा शारीरिक रूपमा वा मानसिक रूपमा अङ्गले राम्रोसँग काम नगर्ने अवस्था भई पछि परेका विद्यार्थीहरूलाई थोरै भएपनि सम्बोधन गरेको हुनु,
- आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ ले नेपाली भाषा पाठ्यक्रम अन्तर्गत भाषिक मूल्याङ्कनका क्रममा ३० प्रतिशत प्रयोगात्मक पक्षको लागि अङ्क विभाजन गरिएको हुनु,
- आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ ले नेपाली भाषा पाठ्यक्रम अन्तर्गत विशिष्टीकरण तालिका प्रस्ट हुने गरी राखिएको पाइनु

### ४.१.२ दूर्बल पक्षहरू

- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रममा शिक्षण सामग्री उल्लेख नगर्नु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ मा तहगत उद्देश्य भिन्नै नराख्नु,
- देशका विविध धर्म, कला संस्कृति, भाषा, परम्परा तथा जातजातिहरूलाई सम्बोधन गर्न नसक्नु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रमले सीमान्तकृत वर्ग, दलित, पछि परेका समुदाय, समलिङ्गी, तेस्रो लिङ्गीहरूलाई सम्बोधन गर्न नसक्नु,
- आधारभूत शिक्षा पाठ्यक्रम कक्षा- ६-८, २०६९ ले नेपाली भाषा वा नेपाली विषयको लागि साप्ताहिक पाठ्यभार ५ मात्र तय गरिनु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८ , २०६९ दुवै पाठ्यक्रममा प्रस्तुत भएका शिक्षण क्रियाकलापहरू आजको सूचना प्रविधि तथा सञ्चार को तुलनामा कमजोर हुनु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुबै पाठ्यक्रममा पहिलो भाषाका रूपमा नेपाली भाषा सिक्ने र दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने सिकारुहरूको लागि समान उद्देश्य राखिनु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ को नेपाली भाषा पाठ्यक्रम अन्तर्गत जीवनी विधा नराख्नु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ को नेपाली भाषा पाठ्यक्रमअन्तर्गत आधारभूत तहको जस्तै विधा किटान गरेर नराख्नु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ को नेपाली भाषा पाठ्यक्रमअर्न्तगत प्राथमिक तहमा प्रयोगात्मक पक्षको लागि अङ्कभार नराख्नु,
- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ को नेपाली भाषा पाठ्यक्रमअन्तर्गत प्राथमिक तहमा वक्तृता सम्बन्धी कार्यकलाप नराख्नु,

- प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ४ र ५, २०६५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ दुवै पाठ्यक्रमले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली समावेश भएपनि यसको कार्यान्यन गर्नेल कुरामा विश्वसनियतामा अवैज्ञानिक हुनु,
- निरन्तर विद्यार्थी मूल्याङ्कनमा औषत उपलब्धि हासिल गरेका तर निर्णयात्मक मूल्याङ्कनमा अनुत्तीर्ण भएका विद्यार्थीहरूलाई अभिभावक, कक्षा शिक्षक, विषय शिक्षक र प्र.अ. ले कक्षोन्नति गर्न सक्ने भनी निर्णय दिनु

### ४.१.३. सुझावहरू

- शैक्षिक सामग्रीहरूको प्रयोगका कुराहरूलाई पनि समेटिनुपर्छ।
- समयको परिवर्तसँगै पाठ्यक्रम पनि परिवर्तन गर्दै लैजानुपर्दछ।
- पाठ्यसामग्री रोचक, क्रियाकलापमुखी, मनोविज्ञानमा आधारित हुनुपर्दछ।
- आधारभूत तहको पाठ्यक्रममा नेपाली भाषा पाठ्यक्रमको पाठ्यभार बढाउनुपर्दछ।
- प्राथमिक तहको पाठ्यक्रममा कक्षागत उद्देश्य पनि प्रस्ट रूपमा हुनुपर्दछ।
- दलित, सीमान्तकृत, अल्पसंख्यक जातिहरूलाई पनि पाठ्यक्रममा समावेश सबै तहमा गर्नुपर्दछ।
- अपाङ्ग, अशक्त, समलिङ्गी, तेस्रो लिङ्गी वर्गका लागि पनि पाठ्यक्रमले सम्बोधन गर्नुपर्दछ।
- क्रियाकलापहरू अझ विद्यार्थीमुखी गर्नुपर्दछ।
- आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ मा नेपाली भाषाको पाठ्यभार बढाउनुपर्दछ।
- दोस्रो भाषाको रूपमा नेपाली भाषा सिक्नेका लागि शिक्षण प्रक्रिया अपनाउँदा पनि ख्याल गर्नुपर्ने कुरा समावेश गरिनुपर्छ।
- प्राथमिक शिक्षा पाठ्यक्रममा प्रेरणादायी हुने र बालमनोविज्ञानमा चाँडै सकारात्मक छाप पार्ने किसिमका व्यक्तिहरूको जीवनी विधा राख्नुपर्दछ।
- भाषिक सीप शिक्षणका क्रममा क्रियाकलापलाई अझ विद्यार्थीकेन्द्रित बनाउनुपर्छ।

- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई विश्वसनीय र वैज्ञानिक ढङ्गले प्रस्तुत गर्नु जरुरी छ ।
- आधारभूत तह उत्तीर्ण वा कक्षा ८ का विद्यार्थीलाई मूल्याङ्कन त गर्ने तर उत्तीर्ण गराउँदा पूर्ण रूपमा आवधिक मूल्याङ्कनलाई वा निर्णयात्मक मूल्याङ्कनलाई मात्र आधार मान्दा सो तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई त्यति ख्याल नगरिदिने परिपाटी बस्न सक्छ । यसलाई पनि ध्यान दिनु जरुरी छ ।
- कक्षोन्नति वा उदार कक्षोन्नतिका बारेमा स्पष्टताका साथ पाठ्यक्रममै खुलाएर राख्नुपर्दछ ।

### ४.१.४ उपयोगिता

४.१.४.१ नीतिगत तह

पाठ्यक्रम भनेको एउटा लक्ष्यसम्म पुऱ्याउने माध्यम हो । पाठ्यक्रमले स्थानीय स्तरदेखि केन्द्रीय स्तरसम्मका शैक्षिक प्रयोग तथा उन्नतिलाई सम्बोधन गर्न सक्ने हुनुपर्दछ । पाठ्यक्रमले अपाङ्ग, सीमान्तकृत वा जनजाति, बौद्धिक स्तरमा अन्यभन्दा कम भएका सिकारुहरूका लागिसमेत सम्बोभन गर्ने तथा समयसापेक्षअनुसारको पाठ्यक्रम निर्माण गरिनुपर्ने हुन्छ ।

४.१.४.१ प्रयोगगत तह

शिक्षामा पछि परेका देशहरूमध्ये नेपाल पनि एक हो । पछिल्लो समयमा शैक्षिक क्षेत्रमा केही प्रगतिका लक्षणहरू देखा पर्न थालेका छन् । विद्यालय तहदेखि नै शिक्षालाई व्यावहारिक, सीपमूलक बनाउनु आवश्यक रहेको छ । सरकारबाट तय गरिएको पाठ्यक्रमका सम्पूर्ण उद्देश्यहरू पूरा गरेमा गुणात्मक शिक्षाका नारा धेरै हदसम्म सार्थक हुनेछ । तर धेरै सम्बन्धित शिक्षकहरूले आफ्नो तह वा विषयको पाठ्यक्रमसमेत अध्ययन नगर्ने भूल गरिदिनाले अन्य भौतिक, सामाजिक, आर्थिक, राजनीतिक आदि जस्ता पक्ष पनि पाठ्यक्रम प्रयोग र सफलताका बाधकका रूपमा प्रस्तुत भएका छन् ।

### ४.१.५ शोधपत्रको शैक्षणिक प्रयोजन

प्रस्तुत शोधपत्रबाट निम्नलिखित शैक्षणिक प्रयोजन पूरा गर्न सकिनेछ-

- यो शोधपत्रले भाषिक अनुसन्धानका क्षेत्रमा लागेका वा सम्बन्धित सबैलाई सहयोग गर्नेछ ।
- यस शोधपत्रले पाठ्यपुस्तक र सन्दर्भसामग्री निर्माण गर्न सहयोग मिल्नेछ ।
- प्रस्तुत शोधपत्रले शैक्षिक योजना निर्माण गर्न सहयोग मिल्नेछ ।
- प्रस्तुत शोधपत्रले पाठ्यक्रम निर्माण तथा परिमार्जन गर्न सहयोग मिल्नेछ ।
- प्रस्तुत शोधपत्रले पाठ्यक्रममा भएका कमी कमजोरीहरूमा प्रस्ट हुन सहयोग मिल्नेछ ।
- प्रस्तुत शोधपत्रले भविष्यमा दुई वटा भाषा पाठ्यक्रमको मूल्याङ्कन, विश्लेषण र तुलानत्मक अध्ययन गर्न सहयोग पुऱ्याउने छ ।
- प्रस्तुत शोधपत्रले पाठ्यक्रम निर्माणकर्ता, भाषाविद्, पाठ्यक्रमविद्, शिक्षक, विद्यार्थीहरूका लागि एक अध्ययन सामग्रीका रूपमा फाइदा गर्नेछ ।
- प्रस्तुत शोधपत्रको सहयोगबाट नेपाली भाषा पाठ्यक्रमको इतिहासको जिज्ञासुहरूका लागि एक अध्ययन सामग्री भई फाइदा गर्नेछ ।
- नेपाली भाषा शिक्षण तथा पाठ्यक्रम शिक्षणकर्ताहरूका लागि यो शोधपत्र एक शैक्षिक सामग्रीका रूपमा कार्य गर्नेछ ।
- यस शोधपत्रले परीक्षा र मूल्याङ्कनमा सुधार ल्याउन सहयोग गर्नेछ ।
- यस शोधपत्रले जो कोहीले हालको प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ कक्षा ४ र ५ अन्तर्गत नेपाली भाषा पाठ्यक्रमका राम्रा र नराम्रा पक्ष आदिका बारेमा सहज ज्ञान प्राप्त गर्न सक्दछन् ।
- यस शोधपत्रद्वारा जो कोही जिज्ञासुहरूले आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ का सबल र दूर्बल पक्षका बारेमा जानकारी सहज रूपले लिन सक्नेछन् ।
- स्नातकोत्तर तहमा शोधकार्य गर्ने नेपाली भाषा पाठ्यक्रमका विद्यार्थीहरूका लागि यो शोधकार्य एक महत्त्वपूर्ण सन्दर्भसामग्री बन्नेछ ।

- प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ कक्षा ४ र ५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ नयाँ र हालको मितिमा कार्यान्वयन भइरहेका हुनाले सम्बन्धित तहका शिक्षकहरूलाई ज्यादै उपयोगी हुनेछ ।

## ४.२ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

अध्ययन अनुसन्धान निरन्तर चलिरहने प्रक्रिया हो । सोही प्रकारले यो शोधपत्र पनि पूर्णविरामको शोधपत्र होइन । अनुसन्धानको समापन शोधपत्र होइन । यस शोधपत्र वा अनुसन्धानका आधारमा भावी दिनहरूमा निम्नलिखित शीर्षकमा भावी अनुसन्धानहरू हुनु आवश्यक देखिन्छ-

- प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ कक्षा ४ र ५ ले निर्धारण गरेको निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनको अवस्था एक अध्ययन,
- प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ कक्षा ४ र ५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ अन्तर्गत नेपाली भाषा पाठ्यक्रमले तोकेका कथा विधाहरूको तुलनात्मक अध्ययन,
- प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ कक्षा ४ र ५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ मा समावेश नेपाली भाषिक सीपको तुलनात्मक अध्ययन,
- आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ अनुसार नेपाली भाषा पाठ्यपुस्तक अनुरूप भए नभएको एक विश्लेषणात्मक अध्ययन,
- आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ मा प्रस्तुत विस्तृतीकरण तालिका एक विश्लेषणात्मक अध्ययन,
- प्राथमिक तह कक्षा ४ र ५ र आधारभूत तह कक्षा ६-८ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली प्रयोग र समस्या एक विश्लेषणात्मक अध्ययन,
- प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ कक्षा ४ र ५ र आधारभूत शिक्षा पाठ्यक्रम कक्षा ६-८, २०६९ मा नेपाली भाषा पाठ्यक्रमतर्फ समावेश मूल्याङ्कन प्रणालीको तुलनात्मक अध्ययन

# सन्दर्भ सूची


१. अधिकारी, विष्णुप्रसाद . २०६८ . **शैक्षिक निरीक्षण र नेपालको शैक्षिक प्रणाली** . काठमाडौं : आशिष बुक्स हाउस प्रा.लि. ।

२. अधिकारी, हेमाङ्गराज . २०६२ . **नेपाली भाषा शिक्षण** . भोटाहिटी . काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

३ अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई . २०६६ . **प्रयोगात्मक नेपाली शब्दकोश** . कमलपोखरी . काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

४. काफ्ले, पद्मप्रसाद . २०६७ . **कक्षा सात महेन्द्रमाला (२०३८) र हाम्रो नेपाली किताब ( २०६४) मा प्रयुक्त कथा विधाको तुलनात्मक अध्ययन** . अप्रकाशित स्नातकोत्तर शोधपत्र . इटहरी : जनता बहुमुखी क्याम्पस ।

५. खतिवडा, तीर्थराज . २०५४ . **प्राथमिक नेपाली विषय पाठ्यक्रम २०३६/०३८ र २०४९ को तुलनात्मक अध्ययन** . अप्रकाशित स्नातकोत्तर शोधपत्र . कीर्तिपुर : त्रि.वि. ।

६. खनाल, गीता . २०६२ . **प्राथमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०६० को तुलनात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि.वि. ।

७. घिमिरे, फिरोज . २०६७ **नेपाली माध्यमिक पाठ्यक्रम २०५५ र २०४६ को तुलनात्मक अध्ययन** . अप्रकाशित स्नातकोत्तर शाोधपत्र . इटहरी : जनता बहुमुखी क्याम्पस ।

८. ढकाल, शान्तिप्रसाद . २०६४ . **नेपाली भाषा शिक्षण : परिचय र प्रयोग** . काठमाडौं : मनकामना बुक्स एन्ड स्टेसनरी ।

९. थापा, नारदकुमार . २०६२ . **माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०२८ र २०५५ को तुलनात्मक अध्ययन** . अप्रकाशित स्नातकोत्तर शोधपत्र . कीर्तिपुर : त्रि.वि. ।

१०. न्यौपाने, टङ्कप्रसाद र अन्य . २०६७ . **सामान्य भाषाविज्ञान** . काठमाडौं : सन्लाइट पब्लिकेसन ।

११. पाठ्यक्रम विकास केन्द्र . २०६५ . **प्राथमिक शिक्षा पाठ्यक्रम** . भक्तपुर : शिक्षा मन्त्रालय ।

१२. पाठ्यक्रम विकास केन्द्र . २०६९ . **आधारभूत शिक्षा पाठ्यक्रम** . भक्तपुर : शिक्षा मन्त्रालय ।

१३. पौडेल, टीकाप्रसाद, तीर्थराज भट्टराई र मदनराज बराल . २०६७ . **नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षण पद्धति** . काठमाडौं : जुपिटर प्रकाशक तथा वितरक प्रा.लि. ।

१४. भण्डारी, पारसमणि . २०६३ . **स्नाकोत्तर नेपाली शिक्षा शोध विवरण** . काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

१५. भण्डारी, पारसमणि र अन्य . २०६८ . **प्रायोगिक भाषा विज्ञानका प्रमुख आयाम** . काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

१६. भण्डारी, पारसमणि र अन्य . २०६८ . **भाषिक अनुसन्धान विधि** . काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

१७. लम्साल, रामचन्द्र र अन्य . २०६३ . **भाषापाठ्यक्रम तथा शिक्षण पद्धति** . काठमाडौं : भाुडीपुराण प्रकाशन ।

१८. शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल . २०६८ . **नेपाली भाषा र साहित्य शिक्षण** . काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

१९ शर्मा, चिरिञ्जीवी . २०५५ . **पाठ्यक्रम र मूल्याङ्कन** . काठमाडौं : एम.के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

२०. श्रेष्ठ, चन्द्रबहादुर र किरणराम रञ्जितकार . २०६० . **पाठ्यक्रम र मूल्याङ्कन** . काठमाडौं : भाुडीपुराण प्रकाशन ।